# वार्षिक प्रगति प्रतिवेदन

(आ.व. २०७२/०७३)

नेपाल सरकार

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

सिंहदरवार, काठमाडौं

२०७३

## वार्षिक प्रतिवेदन सम्पादन टोली

| | | |
|---|---|---|
| श्री शंकर प्रसाद पाठक, | सह सचिव, म.वा.तथा स.क. मन्त्रालय | संयोजक |
| श्री राधिका अर्याल | सह सचिव, म.वा.तथा स.क. मन्त्रालय | सदस्य |
| श्री नारायण प्र. काफ्ले, | सह सचिव, म.वा.तथा स.क. मन्त्रालय | सदस्य |
| श्री नरेश चापागाई, | महानिर्देशक, म. तथा वा. बिभाग | सदस्य |
| श्री भरतराज शर्मा, | निर्देशक, म.वा.तथा स.क. मन्त्रालय | सदस्य |
| श्री मिठू थापा, | उप सचिव, म.वा.तथा स.क. मन्त्रालय | सदस्य |
| श्री दिलिप लामिछाने, | उप सचिव, म.वा.तथा स.क. मन्त्रालय | सदस्य |
| श्री डोरेन्द्र निरौला, | उप सचिव, म.वा.तथा स.क. मन्त्रालय | सदस्य |
| श्री रामबहादुर चन्द, | अधिकृत, केन्द्रीय बालकल्याण समिति | सदस्य |
| श्री कृष्ण कुँवर, | शाखा अधिकृत, म.वा.तथा स.क. मन्त्रालय | सदस्य |

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र अन्तर्गतका निकायहरुवाट आ.व. २०७२/७३ मा सम्पादन भएका कार्यक्रमहरुको **"वार्षिक प्रगति प्रतिवेदन, २०७२/७३"** प्रकाशन हुन लागेकोमा खुसी लागेको छ । प्रतिवेदन तयारी र प्रकाशन कार्यमा संलग्न सवैलाई धन्यवाद प्रकट गर्दछु ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको परिकल्पना गरेको छ । मन्त्रालयले आफ्ना विभिन्न कार्यक्रमहरुमध्ये महिला विकास कार्यक्रम संचालन गरी लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरणमा टेवा पुर्याउने काम गर्दै आईरहेको छ। घरेलु हिंसावाट प्रभावित महिलाहरुका लागि सुरक्षित अल्पकालीन आश्रय सेवा केन्द्रको संचालन, छाउपडी प्रथा न्यूनीकरण तथा उल्मूलन, ग्रामिण विपन्न महिला लक्षित सशक्तीकरण कार्यक्रम लगायत वादी, कमलरी, विद्यालय वाहिर रहेका किशोरी लक्षित कार्यक्रमहरु पनि यस वर्ष संचालनमा रहे। आ.व. २०३९/४० मा पाँच जिल्लाबाट ग्रामीण महिलाका लागि ऋण परियोजनाको रुपमा शुरु भएको महिला विकास कार्यक्रम हाल देशभर विस्तार भएको छ। यस कार्यक्रममा हालसम्म करिब १० लाख महिलाहरु आवद्ध भैसकेका छन।

काठमाण्डौं उपत्यकामा २०३ जना सडक बालबालिकाहरुलाई उद्धारका साथै हराएकामध्ये फेला परेका ४०८ जना बालबालिकाहरुलाई परिवारमा पुर्नमिलन तथा पुनर्स्थापना गरिएको छ । नेपाल राज्यभरका ४० स्थानमा ज्येष्ठ नागरिकहरुका लागि वृद्धाश्रम तथा ४९ जिल्लाका ८७ स्थानमा मन्त्रालयको सहयोगमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरु संचालन भईरहेका छन् । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिने काम भएको छ। त्यसैगरी अपाङ्गता अधिकार सम्बन्धी ऐनको विधेयक व्यवस्थापिका संसदमा दर्ता गरिएको छ। पूर्ण अशक्त, अपाङ्गता भएका बेसहारा र वेवारिसे व्यक्तिहरुलाई आवासीय पुनर्स्थापना कार्यक्रम संचालनमा ल्याइएको छ ।

सबैं विषयवस्तु समेटेको यस प्रकाशनले आगामी दिनमा मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक लगायतका वर्गका निमित्त समयसापेक्ष उपयुक्त नीति तथा कानून निर्माण र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने कार्यमा सवैलाई सहयोग पुर्याउने विश्वासकासाथ प्रकाशनको पूर्ण सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

मंसिर, २०७३

पुष्पकमल दाहाल 'प्रचण्ड'

नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरवार, काठमाण्डौ
फोन नं. : ४२००३२८, ४२००१६८
४२०००८२, ४२००४१३
फ्याक्सः ४२००११६
इमेल : mail@mowcsw.gov.np
www.mowcsw.gov.np

पत्र संख्या :-
च.नं. :-



## मन्तब्य

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले आ.व. २०७२/७३ भित्र सम्पादन गरेका कृयाकलापहरु र त्यसको उपलब्धिहरु समेटिएको प्रस्तुत वार्षिक प्रतिवेदन, २०७३ प्रकाशन हुन लागेकोमा म हर्षित छु ।

नेपाल सरकारले तोकेको कार्यादेश बमोजिम मन्त्रालयले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु र यौनिक तथा लैंगिक अल्पसंख्यक लगायतका व्यक्तिहरुको अधिकार संरक्षण तथा सशक्तीकरणको क्षेत्रमा कार्य गर्दै आएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कृयाकलापहरुलाई सहजीकरण र नियमन गर्ने काम पनि यसै मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछ । मन्त्रालयलाई तोकिएको वृहत कार्यक्षेत्रको तुलनामा वार्षिक रुपमा उपलब्ध हुने स्रोत भने ज्यादै न्यून रहेको छ । यसैले विपन्न महिला वर्गको उत्थान गर्ने अवधारणावाट प्रारम्भ भएको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलको वढ्दो दायराको कार्यक्षेत्रसंगसंगै महिला विकास कार्यक्रमले सम्बोधन गर्नुपर्ने सम्पूर्ण लक्षित वर्गमा पुग्न साधनस्रोत वढाउन अत्यन्त जरुरी देखिएको छ । नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रतिवद्धता जनाएका सन्धि, महासन्धि तथा कार्ययोजनाहरुलाई सम्बोधन हुनेगरी कार्यक्रम संचालन गर्नकालागि समेत विशेष रणनीतिकासाथ व्यापक स्रोत परिचालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

प्रस्तुत प्रगति प्रतिवेदनमा मन्त्रालयवाट गरिएका केही महत्वपूर्ण अध्ययनका संक्षिप्त प्रतिवेदनहरु समेत समावेस गरिएको छ । यसले मन्त्रालयको काम कारवाहीमा पारदर्शिता ल्याउनुकोसाथै कार्यसम्पादनका कममा भएगरेका कमीकमजोरीहरु हटाई सम्बद्ध निकायहरुलाई आगामी समयमा गर्नुपर्ने सुधारतर्फ ध्यान दिई अरु वढी जिम्मेवार वन्नकालागि थप उत्प्रेरित गर्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, वार्षिक प्रतिवेदनकालागि सूचना तथा तथ्याङ्क उपलब्ध गराउने तथा प्रतिवेदन प्रकाशन कार्यमा संलग्न हुने सवैप्रति धन्यवाद व्यक्त गर्दछु ।

(विष्णुप्रसाद लम्साल)
सचिव
मंसीर, २०७३

# विषयसूची

सारांश ........ १

**परिच्छेद १**

मन्त्रालयको स्थापना, कार्यादेश, नीति, ऐन, नियम तथा संगठन संरचना ........ ५
१.१ स्थापनाः ........ ५
१.२ कार्यादेश ........ ६
१.३ कानून ........ ६
१.४ संगठन संरचना : ........ ८

**परिच्छेद २**

कार्यक्रम तथा प्रगति ........ ९
२.१ महिला सशक्तीकरण (मन्त्रालयस्तर) ........ ९
२.२ महिला विकास (केन्द्रस्तर/विभाग) ........ १०
२.३ महिला विकास - जिल्लास्तर (महिला जागृतिसमेत) ........ १०
२.४ लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास (केन्द्रस्तर)ः ........ १०
२.५ बालकल्याण ........ ११
२.६ केन्द्रीय बालकल्याण समिति ........ ११
२.७ समाजकल्याण ........ १३
२.७.१ ज्येष्ठ नागरिक ........ १३
२.७.२ अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रम ........ १४
२.९ राष्ट्रिय महिला आयोग ........ १४
२.१० समाज कल्याण परिषद् ........ १४
२.११ अन्तरदेशीय धर्मपुत्र- धर्मपुत्री अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति ........ १५
२.१२ मन्त्रालयस्तरीय समस्या समाधान उप समिति ........ १६
२.१३ बार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिः ........ १६
२.१४ वैदेशिक अध्ययन तथा तालिम ........ १६

**परिच्छेद ३**

कोष सम्बन्धी व्यवस्था ........ १७
३.कोषको नाम २०७३ असार मसान्तसम्ममा संचित रकम ........ १७
३.१ आपत्कालीन बालउद्धार कोष ........ १७
३.२ लैङ्गिक हिंसा निवारण कोष ........ १७
३.३ एकल महिला सुरक्षा कोष ........ १७
३.४ ज्येष्ठ नागरिक कल्याण कोष ........ १७

३.५ पुनर्स्थापना कोष ........ १७
३.६ बेरुजु र फछ्र्यौट ........ १८

**परिच्छेद ४**

भौतिक स्रोत तथा सवारी साधन........१९
४.१ भवन ........१९
४.२ सवारी साधन ........१९

**परिच्छेद ५**

अध्ययन तथा अनुगमन प्रतिवेदन........२१
(क) कल्पवासीहरुको सम्बन्धमा गरिएको अध्ययन प्रतिबेदन, २०७३........२१
२. अध्ययनको उद्देश्यः ........ २२
३. अध्ययनको सीमाः ........ २३
४. अध्ययनको विधिः........ २३
४.१ प्रश्नावली सर्वेक्षणः- ........ २३
४.२ अन्तरक्रियाः........ २३
४.३ अवलोकनः........ २३
५. तथ्यांकीय विश्लेषणः-........ २३
५.१ अन्तरक्रिया गोष्ठी........ २३
५.२ देवघाट क्षेत्रमा गलेश्वर आश्रमका पदाधिकारीहरुसँगको अन्तरक्रिया बैठकमा छलफल भएका विषयहरुः-...२४
५.३ अबलोकनको क्रममा देखिएका बिषयहरु........२४
५.४ प्रश्नावली सर्वेक्षणको नतिजा........२४
(ख) मानव वेचबिखन तथा घरेलु हिंसाबाट प्रभावितका लागि संचालित पुनर्स्थापना तथा सेवा केन्द्र सम्बन्धी अध्ययन प्रतिबेदन, २०७३........ २८
१.परिचयः ........ २८
१.१ सेवा केन्द्र........ २८
१.२ पुनर्स्थापना केन्द्र........२८
२. अध्ययनको उद्देश्यः ........ २९
३. अनुगमन तथा अध्ययन सर्वेक्षण विधिः ........ २९
३.१. स्थलगत अवलोकन तथा निरीक्षणः ........ २९
३.२. जिल्ला समितिसँग अन्तरक्रिया ........ २९
३.३. सेवाकेन्द्र व्यवस्थापन समितिसँग अन्तरक्रिया ........ २९
३.४. सेवा केन्द्र र पुनर्स्थापना केन्द्रमा रहेका पीडितहरुसँगको अन्तरक्रिया ........३०
४. अध्ययनको सिमा ........३०
५. तथ्यांकीय विश्लेषण........३०
५.१ सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरुको अन्तरक्रिया गोष्ठीमा उठेका विषयहरुः........३०
५.२ तथ्यांकीय विश्लेषणः- ........ ३२

अध्ययन क्षेत्र........................................................................................... ३७
४. विधि एवं प्रक्रिया..................................................................................... ३७

## अनुसूचीहरू

**अनुसूची** –१ केन्द्रीय बाल कल्याण समितिबाट सञ्चालित मुख्य मुख्य कार्यक्रम ..........................४८
**अनुसूची** –२ भूकम्प प्रभावित १४ जिल्लाका अतिप्रभावित बालबालिकालाई आर्थिक राहत सहयोग वितरण सम्बन्धी विवरण........................................................................... ५२
**अनुसूची** –३ भूकम्प प्रभावित १४ जिल्लाका भूकम्प प्रभावित पहिचान गरिएका बालबालिका सम्बन्धी विवरण ............................................................................ ५३
**अनुसूची**–४ हालसम्म हराएका, हराएर फेला परेका र बेवारीस फेला परेका बालबालिका सम्बन्धी विवरण........५४
**अनुसूची** –५ बेवारीस फेला परेका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापन सम्बन्धी विवरण .......५४
**अनुसूची** –६ सञ्चालनमा रहेका बालगृह र संरक्षित बालबालिका सम्बन्धी विवरण ........................५५
**अनुसूची** –७ धार्मिक संस्थामा आवासीय रुपमा रहेका बालबालिका ...........................................५७
**अनुसूची** –८ सडक बालबालिका उद्धार तथा व्यवस्थापन सम्बन्धी विवरण...................................५८
**अनुसूची** –९ सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यमा संलग्न मुख्य सरकारी निकायहरु....... ६१
**अनुसूची** –१० उद्धार गरिएका सडक बालबालिका व्यवस्थापन कार्यमा संलग्न संघ संस्थाहरु.................६१
**अनुसूची**ः ११ घरेलु हिंसाबाट प्रभावितका लागि संचालित सेवा केन्द्र र उपसेवा केन्द्र सम्बन्धि प्रगति विवरण ः.... ६२
**अनुसूची** १२ ............................................................................................. ६३
**अनुसूची** १३ मानव बेचबिखन तथा ओसार पसारबाट प्रभावितहरुका लागि संचालित पुनर्स्थापना गृह सम्बन्धी विवरण .............................................................................६४
**अनुसूची** १५ राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु (NGO/INGO) द्वारा संचालित परियोजनाको मूल्यांकनमा आ.व. २०७२/७३ मा प्रतिनिधित्व गर्नुहुने कर्मचारीहरु ...................................... ६५
**अनुसूची**ः १६ आ.व.२०७२/०७३ मा संचार माध्यममा प्रकाशित महिला हिंसासंग सम्बन्धित घटनाहरुको तथ्याङ्क विवरणः........................................................................... ६७
**अनुसूची** १७ बजेट शीर्षकगत प्रगति विवरण ................................................................. ६८
आ.व. २०७२/७३ मा मन्त्रालयका विभिन्न शाखाहरुबाट सञ्चालन भएका मुख्य मुख्य उपलब्धिहरुः.... ६८
**अनुसूची** १७.१ बजेट उपशिर्षक३४०१०२३।४ महिला सशक्तीकरण कार्यक्रम..............................६८
**अनुसूची** १७.२ बजेट उपशिर्षक ३४०१०५३/४ समाज कल्याण कार्यक्रम (अपाङ्गता सि.वि.आर तथा ज्येष्ठ नागरिक कार्यक्रमसमेत) ............................................ ७३
**अनुसूची** १७.३ बजेट उपशिर्षक ३४०१०७३/४ बालकल्याण कार्यक्रम.....................................७४
**अनुसूची** १७.४ बजेट उपशिर्षक३४०१०१३/४ महिला विकास कार्यक्रम (केन्द्रस्तर/विभाग) ...........७४
**अनुसूची** १७.५ बजेट उपशिर्षक ३४०८०२३/४ महिला विकास कार्यक्रम (जिल्लास्तर)................ ७६
**अनुसूची** १७.६ लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम, केन्द्रस्तर. ७९
**अनुसूची** १७.७ बजेट उपशिर्षक३४००१६३/४राष्ट्रिय महिला आयोग.................................. ८१
**अनुसूची** १७.८ बजेट उपशिर्षक ३४०१०८३-४ बालकल्याण समिति कार्यक्रम........................... ८२
**अनुसूची** १७.९ बजेट उपशीर्षक ३४००१३ समाजकल्याण परिषद् ......................................८४

**अनुसूची** १८ आ.व. २०७२/७३ असार मसान्त सम्मको नेपाल बाल संगठनद्वरा संचालित बालगृह र आश्रित बालबालिका ........................................................................................ ८५
**अनुसूची** १९ बेरुजु सम्बन्धी विवरण (आ.व. २०७२/७३ सम्मको) ........................................ ८६
**अनुसूची** २०  आ.व. २०७२/७३ मा वैदेशिक अध्ययन तथा तालिममा सहभागिता सम्बन्धी विवरण..... ९०
**अनुसूची** २१  समाजकल्याण कार्यक्रम अन्तरगतज्येष्ठ नागरिक संरक्षणको लागि  ......................... ९६
**अनुसूची** २२  महिला, बालबालिकातथा समाजकल्याण मन्त्रालयबाटसमाजकल्याण कार्यक्रम अन्तरगत अपङ्गता सम्बन्धी कार्यक्रमको लागि  ................................................................... १०३
**अनुसूची** २३  बालसुधार गृहमा आ.व. २०७२/७३ मा प्रवेश भएका बालबालिकाको संख्यात्मक विवरण  ......................................................................................................१०७
**अनुसूची** २४ बिभिन्न स्थानमा संचालित वृद्धाश्रमहरुमा आश्रित ज्येष्ठ नागरिकहरुको विवरण  ...........१०८
**अनुसूची** २५ मन्त्रालको संगठन संरचना र दरवन्दी तेरीज ................................................. ११०
**अनुसूची** २६  मन्त्रालयका पदाधिकारीहरु र सम्पर्क टेलिफोन नम्बर...................................... ११२

# सारांश

आर्थिक वर्ष २०७२/७३ मा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयअन्तरगत जम्मा ११ वटा बजेट उप शीर्षकका कार्यक्रम संचालन भएकोमा १० वटा पहिलो प्राथमिकता ($P^1$) र दुईवटा दोश्रो प्राथमिकता ($P^2$) का कार्यक्रम रहेका छन् । पहिलो प्राथमिकताका कार्यक्रमहरूमा महिला सशक्तीकरण, बाल कल्याण, समाज कल्याण कार्यक्रमहरू मन्त्रालयबाट संचालन गरिएका छन् भने महिला तथा बालबालिका विभाग र ७५ जिल्लामा रहेका महिला तथा बालबालिका कार्यालयहरूबाट क्रमशः महिला विकास कार्यक्रम र महिला विकास जागृति कार्यक्रम संचालन गरिएका छन् । राष्ट्रिय महिला आयोगबाट संचालित कार्यक्रम पनि पहिलो प्राथमिकतामै पर्दछ । दोश्रो प्राथमिकतामा समाजकल्याण परिषद् र केन्द्रीय बालकल्याण समितिसँग संवन्धित कार्यक्रमहरू रहेकाछन् ।

मन्त्रालयबाट संचालित महिला सशक्तीकरण कार्यक्रमका लागि वार्षिक बजेट रू.५, ६८, ७१, ०००।- विनियोजन भएकोमा ९२ प्रतिशत भौतिक र ६७ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । यस कार्यक्रमबाट विभिन्न ८ जिल्लामा संचालित पुनर्स्थापना गृहबाट १६९७ जना पीडितलाई सेवा दिइएको छ । मानव बेचबिखन नियन्त्रणतर्फ गाउँस्तरसम्म संयन्त्र तयार गर्न थालिएको छ । त्यसैगरी मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिम उन्मुख क्षेत्रको पहिचानका लागि आधारभूत सर्भेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ । लैंगिक हिंसामा परेकाहरूलाई उद्धार, संरक्षण र पुनर्स्थापना गराउन विभिन्न १७ जिल्लामा सेवाकेन्द्रहरू संचालनमा रहेका छन् । पुनर्स्थापना केन्द्र र सेवा केन्द्र अस्थायी प्रकृतिका भएकोले दीर्घकालीन पुनर्स्थापना केन्द्रकोरूपमा मंगला- साहना पुनर्स्थापना केन्द्रमार्फत सेवा प्रदान गरिएको छ । यस अवधिमा लैंगिक हिंसा निवारण कोषबाट ४३६ जना लैंगिक हिंसाका पीडित तथा प्रभावितहरूलाई राहत तथा आर्थिक सहयोग प्रदान गरिएको छ ।

बालकल्याण कार्यक्रमका लागि रू ७, ३५, ०२, ०००।- वार्षिक बजेट विनियोजन भएकोमा भौतिक तर्फ ९७.९ र वित्तीय तर्फ ७५.८ प्रतिशत प्रगति हासिल भएको छ । यस कार्यक्रमअन्तरगत बाल सुधार गृह नेपालगंज र बाल कल्याण गृह बिराटनगरको भवन निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । मोरंग, भक्तपुर र कास्कीमा कानून बिपरित कार्य गरी अदालतबाट सजाय पाएका बालबालिकाहरूको लागि बाल सुधार गृह संचालनलाई निरन्तरता दिइएको छ । नेपाल बाल सङ्गठनमा आश्रयमा रहेका बालबालिकाको संरक्षणमा सहयोग पुर्‍याईएको छ । सिंहदरवारस्थित दिवा शिशु स्याहार केन्द्रबाट निजामती कर्मचारीका (३ महिना देखि ३ वर्षसम्मका) ६० शिशुहरुलाई दिवा हेरचाह तथा स्याहार सेवा प्रदान गरिएको छ भने सिंहदरवारमा दिवा शिशु स्याहार केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको छ । काठमाण्डौं उपत्यकाका सडक बालबालिकाहरूको व्यवस्थापन कार्य शुरू भई ३५१ जना बालबालिकाहरूको व्यवस्थापन भएको छ ।

मन्त्रालयबाटै संचालित समाज कल्याण कार्यक्रमबाट ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिसँग सम्वन्धित कार्यक्रमहरू संचालन गरिएका छन् । अधिकांश कार्यक्रमहरू ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा कार्यरत संस्थाहरूमार्फत संचालन गरिएका छन् र कार्यक्रम संचालनका लागि संस्थाहरूलाई अनुदान उपलब्ध गराइएको छ । वार्षिक बजेट रू.२१, १३, ५०, ०००।- विनियोजन भएकोमा भौतिकतर्फ ८३.८ प्रतिशत र वित्तीयतर्फ ८४.० प्रतिशत प्रगति हासिल भएको छ । यस अन्तरगत पाँच विकास क्षेत्रमा वृद्धाश्रम, ४८ जिल्लामा ६४ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ७५ वटै जिल्लाका केही विद्यालयहरूमा अन्तरपुस्ता अनुभव हस्तान्तरण र सौहार्द्धता तथा साझेदारी अन्तरगत विभिन्न जिल्लामा ज्येष्ठ नागरिक आश्रम निर्माणमा सहयोगलगायतका प्रमुख कार्यक्रमहरू संचालनमा रहेका छन् । यसैगरी ज्येष्ठ नागरिकका हक स्थापित गर्न संचार माध्यमबाट चेतनामूलक कार्यक्रम

संचालन, ज्येष्ठ नागरिकप्रति परिवारको दायित्व र ज्येष्ठ नागरिकको कर्तव्य सम्बन्धी भित्ते पात्रो प्रकाशन तथा ज्येष्ठ नागरिकको लागि परिचयपत्र छपाई तथा वितरणका कार्यक्रमहरू संचालन गरिएका छन् । साथै अपाङ्गतासंबन्धी केही कार्यक्रमहरू महिला तथा बालबालिका कार्यालयमार्फत संचालन भएका छन् भने अधिकांश कार्यक्रमहरू अपाङ्गता भएका संस्थाहरूमार्फत गरिएका छन् । पूर्ण अपाङ्गता भएका व्यक्तिहरूका लागि खगेन्द्र नवजीवन केन्द्र र NNSWA कञ्चनपुरको साझेदारीमा आवासीय पुनर्स्थापना केन्द्र स्थापना, अपाङ्गता भएका व्यक्तिहरूका लागि एक महिने सी.बि.आर वर्कस तालिम, अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा रेडियो नेपाल र नेपाल टेलिभिजनबाट चेतनामूलक कार्यक्रम, ७५ वटै महिला तथा बालबालिका कार्यालयमा अपांगता सम्बन्धी हेल्पडेस्क, अपाङ्गता भएका व्यक्तिहरूहरूलाई सहयोग पुऱ्याउन अपांगता भएका व्यक्तिहरूबाट संचालित ७० संस्थालाई अनुदान, अपाङ्गता भएका व्यक्तिहरूका लागि साझेदारीमा नेपालमै ह्वीलचियर उत्पादन र वितरण, अनुदान वितरण निर्देशिका निर्माण, सहायक सामाग्री उत्पादन र वितरण, अपाङ्गता भएका व्यक्ति तथा तिनको परिवारका लागि विउपूँजीसहितको आयमूलक तालिम संचालनजस्ता कार्यहरू प्रमुख रहेका छन् ।

**चित्र नं.१ : बजेट विनियोजन सम्बन्धी विवरणः**



## चित्र नं. २ भौतिक प्रगति विवरण




केन्द्रीय बालकल्याण समितिबाट संचालित कार्यक्रममा वैदेशिक सहयोगसहित रू. ९ करोड ६२ लाखको बजेट विनियोजन भएकोमा भौतिकतर्फ ९०.३ र वित्तीयतर्फ ८०.७ प्रतिशत प्रगति हासिल भएको छ। यस अन्तरगत जोखिमपूर्ण अवस्थामा रहेका ४४५४ बालबालिकाको आपतकालीन उद्धार गरी पुनर्स्थापन गरिएको छ। विशेष संरक्षण र हेरचाहको आवश्यकता भएका २१७ जना बालबालिकालाई बालगृहमा संरक्षण गरिएको छ। केन्द्र र जिल्लाहरूबाट ३८ जिल्लामा सञ्चालनमा रहेका ४१४ वटा बालगृहहरूको अनुगमन गरी पृष्ठपोषण गरिएको छ। वि.सं. २०७० सालको एस.एल.सी परीक्षामा सामुदायिक विद्यालयबाट जिल्लामा सर्वोकृष्ट अङ्क ल्याउने बालक १ र बालिका १ सहित देशभरिका बालगृहहरूबाट एस.एल.सी.मा सर्वोत्कृष्ट अंक ल्याउने ५ जना बालबालिका गरी कूल १६३ जनालाई पुरस्कृत गरिएको छ। यसैगरी वालअधिकार प्रवर्धन सम्बन्धी मा.वि. तहको जिल्लास्तरीय खुल्ला निबन्ध प्रतियोगिताबाट प्रथम, दोश्रो र तेश्रो हुने ५८ जिल्लाका १८४ जना बालबालिकालाई पुरस्कृत गरिएको छ। भूकम्प प्रभावित १४ जिल्लाका १३५५९ जना बालबालिकालाई रू. ५,०००।- को दरले राहत मानवीय सहयोग वितरण गरिएको छ। त्यसैगरी कार्यालय भवनको निर्माण कार्यलाई निरन्तरता दिइएको छ।

महिला तथा बालबालिका विभागबाट संचालित व.उ.शि.नं. ३४०१०१३/४ को महिला विकास कार्यक्रमतर्फ रू ५,७६,८९,०००।- बजेट विनियोजन भएकोमा कार्यक्रमतर्फ भौतिक ९०.१९ र वित्तीय ८२.२६ प्रतिशत प्रगति भएको छ। यसअन्तरगत किशोरी विकास प्रशिक्षक प्रशिक्षण, ग्रामीण व्यवसाय प्रवर्धन प्रशिक्षण, संस्थागत विकास, अध्ययन अनुसन्धान, कार्यालय संचालन, नयाँ कर्मचारीहरूलाई अनुशिक्षण, बाल अधिकार सम्बन्धी प्रशिक्षण जस्ता कार्यक्रमहरू संचालन गरिएका छन्।

**तालिका १ : आ.व. २०७२/७३ को वार्षिक प्रगति**

| सि.नं. | व.उ.शि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट रु. (हजारमा) | यस आ.वको खर्च (हजारमा) | भौतिक प्रगति (%) | वित्तीय प्रगति (%) |
|---|---|---|---|---|---|---|
| १ | ३४००११३/४ | महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय p[1] | ५९,८८० | ४,८७,६८ | – | ८१.४ |
| २ | ३४००१४३/४ | समाजकल्याण केन्द्रहरू p[1] | ३,५९,७४ | २,७८,८८ | – | ७७.५ |
| ३ | ३४०१०२३/४ | महिला सशक्तीकरण कार्यक्रम (मन्त्रालयस्तर) p[1] | ५,६८,७१ | ३,८२,१४ | ९२.० | ६७.२ |
| ४ | ३४०१०५३/४ | समाजकल्याण कार्यक्रम (ज्येष्ठ नागरिक कार्यक्रम समेत) p[1] | २१,१३,५० | १७,७५,५० | ८३.८ | ८४.० |
| ५ | ३४०१०७३/४ | बालकल्याण कार्यक्रम p[1] | ७,३५,०२ | ५,५६,९५ | ९७.९ | ७५.८ |
| ६ | ३४०१०१३/४ | महिला विकास कार्यक्रम(केन्द्रस्तर/विभाग p[1] | ५,७६,८९ | ४,७३,२९ | ९०.१९ | ८२.२६ |
| ७ | ३४०८०२३/४ | महिला विकास कार्यक्रम (जिल्लास्तर, महिला जागृति कार्यक्रम समेत) p[1] | १,२९,५९,२५ | १,०८,६०,७१ | ९६.४ | ८३.८ |
| ८ | ३४०११२३/४ | लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम p[1] | २१,५५,४८ | १८,९४,९० | ८९.३ | ८७.९ |
| ९ | ३४००१६३ | राष्ट्रिय महिला आयोग p[1] | ४,११,४६ | ३,९०,५९ | ९९.५ | ९४.५ |
| १० | ३४००१३ | समाजकल्याण परिषद p[2] | २,००,०० | २०,००० | १०० | १०० |
| ११ | ३४०१०८३ | बालकल्याण समिति p[2] | ९,६२,०४ | ७,७६,४८ | ९०.३ | ८०.७ |
| | | जम्मा | २,१६,४०,८९ | १,८०,७७,१२ | ९३.२ | ८३.५ |

महिला तथा बालबालिका विभागमार्फत ७५ वटै महिला तथा बालबालिका कार्यालयहरूबाट संचालित हुने महिला विकास कार्यक्रममा विनियोजित रू. १ अर्ब २९ करोड ५९ लाख २५ हजारमध्ये रू. १ अर्ब ७८ करोड ५३ लाख १२ हजार खर्च भई वित्तीयतर्फ ८३.८ प्रतिशत प्रगति भएको छ भने कार्यक्रमतर्फ ९० प्रतिशत भौतिक प्रगति हासिल भएको छ । यस कार्यक्रम मार्फत १५८३६ समूह (निगरानी समेत) गठन, २०८६ समिति (निगरानी समेत) गठन, ४५२४६ समूह सदस्यको अनुशिक्षणलगायत १३० महिला समूह गठन र दर्ता भएका छन् । यस कार्यक्रममार्फत २०१५५ जनालाई व्यवसाय स्थापना खर्च अनुदान उपलब्ध गराईएको छ । यसैकार्यक्रममार्फत छाउपडी प्रथा विरूद्ध सामाजिक जागरण, २५ जिल्लामा आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन, नेतृत्व तथा क्षमता विकासका विभिन्न तालिम तथा अनुशिक्षणहरू, विद्यालयविमूख किशोरीहरू तथा मुक्त कमलरीहरूका लागि अनुशिक्षण तथा व्यवसाय स्थापना खर्च अनुदान, महिला संस्थाहरूको अवस्था विश्लेषण तथा रणनीतिपत्र तर्जुमा, संरक्षण विषयगत क्षेत्रको समन्वय वैठकहरू जस्ता प्रमुख कार्यक्रमहरू संचालन भएका छन् ।

## परिच्छेद १

# मन्त्रालयको स्थापना, कार्यादेश, नीति, ऐन, नियम तथा संगठन संरचना

**१.१ स्थापनाः**

ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रमकोरूपमा आ.व. २०३९/०४० मा शुरू भएको महिला विकास अभियान कार्यक्रमहरूबाट प्राप्त उपलब्धी, अनुभव र समसामयिक आवश्यकताका आधारमा २०५२ असोज ६ गते महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो । महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरूको भूमिकालाई सशक्त बनाउने कार्यमा संलग्न महिला तथा समाज कल्याण मन्त्रालयको नाम बालबालिकालाई अझ उच्च प्राथमिकता दिने हेतुले २०५७ मा परिवर्तन गरी "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" नामाकरण गरियो । हाल ७५ बटै जिल्लामा महिला तथा बालबालिका कार्यालयमार्फत मन्त्रालयले आफ्ना कार्यक्रमहरू संचालन गर्दै आईरहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ आनुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यक्षेत्रभित्र महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनकोसाथै अध्ययन, अनुसन्धान तथा सर्वेक्षणका विषयहरू तोकिएका छन् । यसैगरी अनाथ बालबालिका, असहाय महिला, बृद्ध/बृद्धा, अपाङ्ग र अशक्तको संरक्षण, बालबालिकाको कल्याण, ज्येष्ठ नागरिकको सुरक्षा र कल्याण, महिला कल्याण तथा सीप विकास पनि यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन् । यस मन्त्रालयको दायराभित्र राष्ट्रिय महिला आयोग, समाज कल्याण परिषद्, समाज कल्याण केन्द्र बृद्धाश्रम र बाल मन्दिरका विषयहरू पनि पर्दछन् ।

महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ/संस्थासंग सम्पर्क र समन्वय तथा परिचालन र सरकारी तथा गैरसरकारी संघ/संस्थाद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रमको अनुगमन गर्नेलगायत धर्मपुत्र/धर्मपुत्री, लैंङ्गिक हिंसा सम्बन्धी विषयहरू पनि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्न आउँदछ ।

यसरी विभिन्न नीति, ऐन, नियम (कानूनहरू, दीर्घकालीन तथा आवधिक योजनाहरू, नेपाल पक्षभएका क्षेत्रीय एवं अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधिन आलेखहरू, अन्तर्राष्ट्रिय सभा/सम्मेलनहरू यस मन्त्रालयका कार्यादेशका आधारहरू हुन । यसबमोजिम मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र तेश्रो लिङ्गीसमेतको लागि समय सापेक्ष नीति निर्माण, समन्वय र सहकार्य तथा कार्यक्रम संचालन-मूलतः सचेतना अभिबृद्धि र सशक्तीकरण गर्ने कार्य गर्दछ । समग्रतामा मूलप्रवाहीकरण, सशक्तीकरण र समावेशीकरण जस्ता रणनीतिको आधारमा समतामय सम्पन्न समुदाय निर्माण गर्न विभिन्न विपन्न वर्गका लागि समयको प्रवाहसंगै सार्थक पहल गर्ने उद्देश्य पूर्तिका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना भएको हो ।

१.२ **कार्यादेश**

**नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम मन्त्रालयको कार्यादेश निम्नानुसार रहेको छ :–**

- महिला, बालबालिका तथा समाजकल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन
- महिला, बालबालिका, समाजकल्याण सम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण
- महिला, बालबालिका, समाजकल्याण सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थासँग सम्पर्क र समन्वय
- अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, वृद्धा, अपाङ्ग र अशक्तको संरक्षण
- महिलाकल्याण तथा सीप विकास
- बालबालिकाको कल्याण
- ज्येष्ठ नागरिकको सुरक्षा र कल्याण
- राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको समन्वय तथा परिचालन
- सरकारी तथा गैर सरकारी संघ-संस्थाद्वरा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाजकल्याण सम्बन्धी कार्यक्रमको अनुगमन
- धर्मपुत्र र धर्मपुत्री
- लैंगिकहिंसा सम्बन्धी विषय
- राष्ट्रिय महिला आयोग
- समाजकल्याण परिषद
- समाजकल्याण केन्द्र
- वृद्धाश्रम
- बालमन्दिर

१.३ **कानून**

**बालबालिका सम्बन्धी**

- बालबिबाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९,
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९
- बालबालिका सम्बन्धी ऐन, २०४८
- बालबालिका सम्बन्धी नियमावली, २०५१
- बालन्याय (कार्यविधि) नियमावली, २०६३
- आपतकालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्री विकास समिति गठन आदेश, २०६७
- बालसुधार गृह संचालन निर्देशिका, २०५७
- बाल हेल्पलाइन संचालन कार्यविधि, २०६४
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
- सडक बालबालिका उद्धार, संरक्षण तथा ब्यबस्थापन मार्गदर्शन, २०७२

**महिला सम्बन्धी**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१
- वोक्सी आरोप विरूद्धको कसूर र सजाय ऐन, २०७२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५
- एकल महिला सुरक्षा कोष नियमावली, २०७०
- लैङ्गकि हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
- महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०
- लैंगिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१
- ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२,
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१
- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४
- पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- पुनर्स्थापना कोष संचालन निर्देशिका, २०६८
- मानव बेचबिखन विरूद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
- एकल महिला सुरक्षाकोष संचालन मापदण्ड, २०७१

**अपाङ्गता भएका ब्यक्ति सम्बन्धी**

- अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१
- अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका, २०६५
- सि.वि.आर. कार्यक्रम संचालन निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा दिइने छुट वा सहुलियत सम्बन्धी कार्यविधि, २०६३
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको लागि आवासीय पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७२

**ज्येष्ठ नागरिक सम्बन्धी**

- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
- ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५
- ज्येष्ठनागरिक राष्ट्रिय कार्ययोजना, २०६२,
- ज्येष्ठ नागरिककल्याण कोष खर्च गर्ने सम्बन्धी प्रकृया र मापदण्ड, २०७२

**अन्य**

- समाजकल्याण ऐन, २०४९

१.४ **संगठन संरचना** :

मन्त्रालयमा ३ वटा महाशाखा र १२ वटा शाखा रहेका छन् । मन्त्रालयको कूल दरवन्दी ८० जना रहेको छ । महिला तथा बालबालिका विभागमा ५१ जनाको दरवन्दी कायम छ । त्यसैगरी जिल्लास्तरमा २२ जिल्लामा रा.प.द्वितीय श्रेणीको कार्यालय प्रमुखसहित जम्मा १४१३ जनाको दरवन्दी रहेको छ। मन्त्रालय, विभाग र कार्यालयहरूको संगठन संरचना र पदाधिकारी तथा सम्पर्क टेलिफोन नम्बर सम्बन्धी विवरण क्रमसः अनुसूची १९, २० र २१ मा दिइएको छ।

# परिच्छेद २

# कार्यक्रम तथा प्रगति

मन्त्रालय र अन्तरगतका विभिन्न निकायहरुबाट आ.व.२०७२/७३ मा सम्पन्न भएका विभिन्न कार्यक्रमहरूको उपलब्धिसमेत तथ्याङ्कगत प्रगतिको विस्तृत विवरण अनुसूची १ देखि १८ मा दिइएको छ। सम्पादित मुख्य मुख्य कार्यक्रमहरूको संक्षिप्त व्यहोरा तल प्रस्तुत गरिएका छ ः

## २.१ **महिला सशक्तीकरण** (**मन्त्रालयस्तर**)

महिला सशक्तीकरण (मन्त्रालयस्तर) शीर्षकअन्तरगत आ.व. २०७२/७३ मा रू ५, ६८, ७१, ०००।- विनियोजन भएकोमा रू. ३, ८२, १४, ०००।- खर्च भएको छ। भौतिकतर्फ ९२ र वित्तीयतर्फ ६७ प्रतिशत प्रगति हासिल भएका मुख्य मुख्य कार्यक्रमको विवरण तपसिलबमोजिम रहेका छन्।

### **क**) **लैंगिक हिंसा न्यूनीकरण**

सामाजिक कलंक र अपराधकोरूपमा देखिएको लैंगिक हिंसा निवारणका लागि कानूनी र राष्ट्रिय कार्ययोजनाकासाथै वार्षिक कार्यक्रमका आधारमा विगत देखिनै कार्यक्रमहरू संचालन भइरहेका छन्। महिला सशक्तीकरण कार्यक्रमअन्तरगत लैंगिक हिंसामा परेकाहरूलाई उद्धार, संरक्षण र पुनर्स्थापना गराउन १७ जिल्लामा सेवा केन्द्रहरू संचालन गरिएका छन्। लैंगिक हिंसा (निवारण) कोषबाट ७५ वटै जिल्लामा लैंगिक हिंसामा परेका ५०० जना पीडित प्रभावितहरूलाई सेवा प्रदान गरिएको छ। महिला हिंसा विरूद्धको १६ दिने अभियान मनाईएको छ भने NRN अध्यक्ष शेष घले, क्रिकेटर पारस खड्का र कलाकार राजेश हमाललाई २ वर्षका लागि सद्भावना दुत नियुक्त गरिएको छ। लैंगिक हिंसा निवारण सम्बन्धमा संचार माध्यमबाट चेतनामूलक कार्यक्रमहरू संचालन गरिएका छन्। हिंसाका कारण, परिणाम र संयन्त्रको सम्बन्धमा व्यवस्थापिका संसदका माननीय सांसदहरूका लागि महिलाको हकहित र अधिकार संरक्षण सम्बन्धी विशेष कार्यक्रम संचालन भएको छ। हिंसा पीडित महिला तथा किशोरीलाई संरक्षण र पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला-साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गरी संचालन गरिएको छ। हाल मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्रमा ११ जना रहेका छन्।

### **ख**) **मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण**

आ.व.२०७२/०७३ मा मानव बेचबिखन नियन्त्रणका सम्बन्धमा देहायका कामहरू सम्पादन भएका छन् ः

यस अबधिमा "हामी सबै मिली गरौं विपतको सामना मानव बेचबिखनको अन्त्य हाम्रो कर्तव्य र चाहना" भन्ने नाराका साथ नवौं मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण दिवस मनाईएको छ भने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७२ प्रकाशन गरिएको छ। सिन्धुपाल्चोक, काठमाडौं, रूपन्देही, झापा, कैलाली, बाँके, पर्सा, चितवन जिल्लाहरूमा संचालित पुनर्स्थापना गृहबाट १६९७ जना पीडित तथा

प्रभावितलाई सेवा पुऱ्याइएको छ। कञ्चनपुर, मुगु र सुर्खेत जिल्लामा मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिका प्रतिनिधि र जिल्लास्तरीय समितिका सदस्यहरू तथा सरोकारवालावीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। मन्त्रालयबाट मानवबेचबिखन विरूद्ध जनचेतना अभिवृद्धि गर्न संचार माध्यमहरूमार्फत प्रचार प्रसार गरिएको छ। मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले संवेदनशील जिल्लाहरूका जोखिममा रहेका तथा जोखिमउन्मुख क्षेत्र पहिचानका लागि सर्वेक्षण गर्न Desk Review सम्पन्न भएको छ।

**ग) योजना र अनुगमन**

योजना तथा अनुगमन शाखाबाट कार्यक्रम तर्जुमा, कार्यक्रम तथा आयोजनाहरूको प्रगति प्रतिवेदन संग्रह तथा सम्प्रेषण, समाज विज्ञान अध्ययन प्रतिष्ठानको अवधारणा पत्र तयार, नेपाल सरकारबाट साझेदारीमा संचालित सेवा पुनर्स्थापना गृहहरू, विभिन्न धार्मिक स्थलमा रहेका कल्पवासी, मठ मन्दिरमा माग्न बस्नेहरूकोबारेमा बिर्सने रोग सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत र निरन्तर अनुगमनजस्ता महत्वपूर्ण कार्यक्रमहरू संचालन गरिएका छन्। यसको अलावा मन्त्रालयको कार्यक्षेत्रमा Internship तथा सोधपत्र लेख्ने कार्यमासमेत सहयोग पुऱ्याईएको छ।

## २.२ महिला विकास (केन्द्रस्तर/विभाग)

महिला तथा बालबालिका विभागबाट संचालित कार्यक्रमतर्फ विनियोजित रकम रू.५७६,८९,०००।- मध्ये कार्यक्रमतर्फ रू ४,७३,२५,०००।- खर्च भई भौतिकतर्फ ९०.१९ वित्तीयतर्फ ८२.० प्रतिशत प्रगति भएको छ। यस कार्यक्रमबाट नयाँ कर्मचारीहरूको लागि अनुशिक्षण, व्यवसाय प्रशिक्षण अध्ययन अनुसन्धान कार्य र वार्षिक समिक्षा गोष्ठी सम्पन्न गरियो। त्यसैगरी किशोरी विकास कार्यक्रमलगायत क्षमता अभिवृद्धि र सशक्तीकरणका कार्यक्रमहरू सम्पन्न भएका छन्।

## २.३ महिला विकास – जिल्लास्तर (महिला जागृतिसमेत)

यस कार्यक्रमले ७५ वटै महिला तथा बालबालिका कार्यालयबाट संचालन हुने कार्यक्रमलाई समेटेको छ। यसले मन्त्रालयको कूल बजेट रू. २ अर्ब १६ करोडमध्ये करिव ६० प्रतिशत (रू. १ अर्व २९ करोड) अंश ओगट्दछ। यस कार्यक्रमले विशेषगरी महिला विकास कार्यक्रमतर्फ बढी ध्यान दिएको छ। विपन्न महिलाहरूलाई समूहमा आवद्ध गरी सशक्त वनाउन हालसम्म १७२६८५ वटा समूह गठन भएका छन् भने ९९०७८६ जना महिलाहरूलाई समूहमा आवद्ध गराइएको छ। महिलाहरूलाई आर्थिकरूपमा सशक्त वनाउन हालसम्म १७१७ वटा महिला सहकारी संस्था गठन गरिएको छ भने आ.व. ०७१/७२ सम्म सहकारीमा कूल रू. २९८३५८७३५९।- वचत हुन सकेको छ। यस कार्यक्रममा रू.७३,२७,७५,०००।-विनियोजन भएकोमा रू. ६७,६६,९६,०००।- खर्च भई भौतिक तर्फ ९६.४ र वित्तीयतर्फ ८३.८ प्रतिशत प्रगति हासिल भएको छ। यस कार्यक्रममार्फत मुख्य गरेर आपतकालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन, लक्षित महिलाहरूको पहिचान र समूहीकरण, व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण, संस्थागत विकास र सहभागिता, व्यावसायिक समूह विकास, गरिवी विरूद्ध महिला अभियान, विद्यालयविमुख किशोरीहरूको वहुआयामिक विकास, मुक्त कमलरी सशक्तीकरण, बालअधिकार सम्वर्द्धन, लैंगिक हिंसा निवारण, लैंगिक मूलप्रवाहीकरणजस्ता कार्यक्रम सम्पन्न भएका छन्।

## २.४ लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास (केन्द्रस्तर):

यस शीर्षक अन्तर्गत आ.व. २०७२/७३को विनियोजित बजेट रू.२१,५५,४८,०००।- रहेकोमा यस

अवधिको खर्च रू.१८,९४,९०,०००।-भएको देखिन्छ । यस कार्यक्रमको वार्षिक भौतिक प्रगति ८९.३ र वित्तीय प्रगति ८७.९ प्रतिशत रहेको छ। यस कार्यक्रमअन्तर्गत महिला समूह, समिति र संस्थाहरूको साँगठनिक सुदृढीकरण तथा व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण, समूह गठन र वचत परिचालन, महिला संस्थाको अवस्था विश्लेषण जस्ता कार्यक्रम सम्पन्न भएका छन् । त्यस्तै रणनीति पत्र तर्जुमा कार्यशाला, महिला संस्थाका सञ्चालक समितिका पदाधिकारी, व्यवस्थापन कर्मचारीलाई नेतृत्व तथा संस्थागत विकास तालिम, महिलाको लागि अन्तरजिल्ला रेखाङ्कन भ्रमण, केन्द्रीय कानूनी सहायता समितिको वैठक, ७५ जिल्लामा लैंगिक हिंसा निवारण जिल्ला संयोजन समितिको वैठक सञ्चालन, सेवा प्रवाहको सुदृढीकरणको लागि केन्द्रीय कानूनी सहायता समिति र जिल्ला कानूनी सहायता समितिलाई अनुदान, अन्तरपुस्ता सरोकार विश्लेषण कार्यशालाजस्ता कार्यक्रम सम्पन्न भएका छन् । यसै कार्यक्रममार्फत UNICEF/DFID को सहयोगमा विद्यालयविमुख किशोरीहरूको बहुआयामिक विकास कार्यक्रमसमेत सम्पन्न भएको छ।

### २.५ बालकल्याण

बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले परिलक्षित गरेका बालबालिका बचाऊ, संरक्षण, विकास र सहभागिताका अधिकारको सुनिश्चितता, संरक्षण र उनीहरूको निर्भयपूर्वक हुर्कन पाउने हक अधिकारका लागि मन्त्रालयले विभिन्न निरोधात्मक तथा संरक्षणात्मक कार्यहरू गर्दै आएको छ।

आ.व. २०७२/०७३ मा बाल कल्याण कार्यक्रमका लागि रू. ७ करोड ३५ लाख २ हजार विनियोजन भएकोमा रू. ५ करोड ५६ लाख ९५ हजार खर्च भई वित्तीय प्रगति ७५.८ र भौतिक प्रगति ९७.९% भएको छ। यस कार्यक्रमबाट देहायका प्रगतिहरू भएका छन् :-

- बालसुधार गृह बाँके र बालकल्याण गृह मोरङ्को भवन निर्माण कार्य सम्पन्न
- यूसेप नेपालको सहकार्यमा बालसुधारगृहहरू संचालन गरिएको, हाल १२२ जना (६ बालिका र ११६ बालक) रहेको
- सिंहदरवार दिवा शिशु स्याहार केन्द्रको भवन निर्माण,
- सिंहदरवार दिवा शिशु स्याहार केन्द्र संचालन,
- बालबालिकालाई अनुशासनका नाममा दिईने शारिरीक तथा मानसिक सजाय र भूकम्प प्रभावित क्षेत्रका बालबालिकाहरूलाई मनोसामाजिक परामर्श संचालन,
- बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ मन्त्रिपरिषदबाट स्वीकृत भई जारी भएको। सोको छपाई गरी सरोकारवाला पक्षलाई वितरण गरिएको ।
- काठमाण्डौं उपत्यकाका सडक बालबालिकाको व्यवस्थापन कार्य शुरू भई ३५१ जना बालबालिकाको व्यवस्थापन भएको ।
- नेपाल बाल संगठनमा रहेका १९२ बालक र ८६ बालिका गरी जम्मा २७८ जना बालबालिकाहरूलाई खाद्यान्न, औषधि उपचार, पोशाक आदि उपलब्ध गराएको ।

### २.६ केन्द्रीय बालकल्याण समिति

आ.व.२०७२/७३ मा केन्द्रीय बालकल्याण समितिबाट सञ्चालित बालकल्याण समिति कार्यक्रममा वार्षिक विनियोजन रकम रू. ९ करोड ६२ लाख ४ हजार भएकोमा रू.७ करोड ७६ लाख ४८ हजार खर्च भई भौतिक तर्फ ९०.३३ र वित्तीयतर्फ ८०.७२ प्रतिशत प्रगति हासिल भएको छ। मुख्य मुख्य कार्यक्रमहरूमाः

बालकल्याण समिति सञ्चालन तथा व्यवस्थापन, बालबालिका खोजतलास समन्वय केन्द्र निःशुल्क टेलिफोन नं. १०४ सञ्चालन, बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन, बाल संरक्षण तथा राहत सहयोग, बालअधिकार संरक्षण तथा सम्बर्धन र प्रचारप्रसार तथा बालगृह अनुगमन निरीक्षण जस्ता कार्यक्रमहरू रहेका छन् ।

**केन्द्रीय बाल कल्याण समितिबाट सञ्चालित कार्यक्रम**

आ.व.२०७२/०७३ मा केन्द्रीय बाल कल्याण समितिबाट सञ्चालित बाल कल्याण समिति कार्यक्रम (बजेट उपशीर्षक नं. ३४०१०८३-४) मा वार्षिक विनियोजन रकम रू. ९ करोड ६२ लाख ४ हजार भएकोमा रू. ७ करोड ८० लाख ७० हजार खर्च भई भौतिक प्रगति ९०.६३ प्रतिशत र वित्तीय प्रगति ८१.१५ प्रतिशत प्रगति हासिल भएको छ ।

आ.व.२०७२/०७३ मा सञ्चालन गरिएका मुख्य मुख्य कार्यक्रम : भूकम्प प्रभावित बालबालिका आर्थिक राहत सहयोग वितरण, बाल कल्याण समिति सञ्चालन तथा व्यवस्थापन, बालबालिका खोजतलास समन्वय केन्द्र निःशुल्क टेलिफोन नं. १०४ सञ्चालन, बाल हेल्पलाइन नं. १०९८(दश, नौ, आठ) नेपाल सञ्चालन, बाल संरक्षण तथा राहत सहयोग, बालअधिकार संरक्षण तथा सम्वर्धन, बाल विवाह रोकथाम तथा न्यूनीकरण, बालबालिकाको बेच विखन तथा ओसार पसरा रोकथाम तथा नियन्त्रण, कर्णाली अञ्चल लगायत पिछडिएका क्षेत्रमा पारिवारिक सचेतना अभिवृद्धि, बालअधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी व्यापक प्रचार प्रसार, जिल्लातहमा सरोकारवाला निकायहरू बीचको प्रभावकारी समन्वय र सहयोगका लागि बालबालिका हक हितको निम्ति अन्तरक्रिया, गोष्ठी, समन्वय तथा बालगृह अनुगमन, निरीक्षण तथा व्यवस्थापन जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

आ. व. २०७२/०७३ मा देशभरि रहेका धार्मिक संघ संस्थामा आवासीय रूपमा रहेका बालबालिकाको अनुगमन तथा तथ्याङ्क सङ्कलन गर्ने कार्यको प्रारम्भ गरिएको छ । ७५ जिल्लाहरूमध्ये ४५ जिल्लाबाट प्राप्त तथ्याङ्क विवरण अनुसार २७ वटा जिल्लाहरू(झापा, प्यूठान, पाँचथर, धादिङ, दैलेख, ओखलढुङ्गा, कन्चनपुर, भोजपुर, मुगु, स्याङ्जा, भक्तपुर, इलाम, मकवानपुर, हुम्ला, गोरखा, रूपन्देही, चितवन, बागलुङ, धनुषा, सुनसरी, कैलाली, रूकुम, सिरहा, बर्दिया, सप्तरी, सर्लाही र काठमाडौं)का धार्मिक संघ संस्थाहरूमा बालबालिका आवासीय रूपमा रहेको पाइएको छ भने १८ वटा जिल्लाहरू(बैतडी, तेह्रथुम, खोटाङ, अर्घाखाँची, संखुवासभा, सल्यान, दार्चुला, जाजरकोट, पाल्पा, मनाङ, सुर्खेत, डडेल्धुरा, गुल्मी, दाङ, अछाम, रसुवा, ताप्लेजुङ र रोल्पा) का धार्मिक संघ संस्थाहरूमा बालबालिका आवासीय रूपमा नरहेको पाइएको छ । यस बाहेकका जिल्लाहरूबाट यस आर्थिक वर्षमा तथ्याङ्क विवरण प्राप्त गर्न सकिएन ।

उल्लिखित ४५ जिल्लाहरूको प्राप्त तथ्याङ्क विवरण अनुसार हिन्दु धर्मसँग सम्बन्धित रहेका मन्दिर, धाम, गुरूकूल, विद्यापिठ, आश्रम र केन्द्रहरूको संख्या : ४४, बौद्ध धर्मसँग सम्बन्धित गुम्बा र विहारहरूका संख्या : ३१, इस्लाम धर्मसँग सम्बन्धित मदरसाहरूको संख्या : ६१, र क्रिश्चियन धर्मसँग सम्बन्धित चर्चहरूको संख्या : ११ गरी कूल १४७ वटा धार्मिक संस्थाहरूमा ५ हजार २ सय ३४ बालक र १ हजार ४ सय ५२ बालिका गरी ६ हजार ६ सय ८६ जना बालबालिका विभिन्न २७ जिल्लाका धार्मिक संघ संस्थाहरूमा आवासीय रूपमा रहेको पाइएको छ । धार्मिक संघ संस्थामा आवासीय रूपमा रहेका बालबालिकाको तथ्याङ्क विवरण अनुसूची –७ मा प्रस्तुत गरिएको छ ।

वैदेशिक सहयोग (युनिसेफ)तर्फ सोझै भुक्तानी हुने गरी विनियोजन गरिएको कार्यक्रम बजेट रकम रू. २ करोड ७९ लाख ५७ हजार मध्ये रू. २ करोड २८ लाख २६ हजार खर्च भएको छ भने नेपाल सरकार स्रोत तर्फ समितिको कार्यालय भवन निर्माणको लागि विनियोजन गरिएको रकम रू.१ करोड ६६ लाख विविध कारणले पुरै

खर्च हुन नसकी रू. १ करोड ६ लाख ३६ हजार खर्च हुन गई समग्र प्रगति सत प्रतिशत हासिल हुन सकेन ।

यसैगरी मन्त्रालयबाट थप अख्तियारी प्राप्त बाल कल्याण कार्यक्रम (बजेट उपशीर्षक नं. ३४०१०७३) सडक बालबालिका मुक्त काठमाडौं उपत्यका अभियान अन्तर्गत सडक बालबालिका उद्धार, संरक्षण र व्यवस्थापनमा विनियोजन गरिएको रकम रू.१ करोडमा रू. ३७ लाख मात्र खर्च हुन गई वित्तीय प्रगति ३७ प्रतिशत हासिल भए तापनि उक्त कार्यक्रमको वार्षिक २०० जना सडक बालबालिकालाई सडकबाट सम्पर्क गृहमा पुनर्स्थापन गरी आवश्यक सेवा प्रदान गर्ने लक्ष्य रहेकोमा २८ जना सडक बालिका र १७५ जना सडक बालकलाई सडकबाट उद्धार गरी २०३ जना सडक बालबालिकालाई सम्पर्क गृहमा पुनर्स्थापन गर्न सफल भई भौतिक प्रगति सतप्रतिशत हासिल गरिएको छ । यस सम्बन्धी थप विवरण अनुसूची –८, ९ र १० मा दिइएको छ ।

**चुनौती तथा समस्या**

- सुस्त मनस्थिति भएका, मानसिक विरामी भएका र अपाङ्गता भएका बालबालिको संरक्षणको लागि कानून बमोजिम त्यस्ता गृह तथा केन्द्रको स्थापना तथा सञ्चालन हुन नसकेकोले उचित संरक्षण तथा व्यवस्थापन प्रभावकारी हुन नसक्नु ।
- जनशक्तिको अभाव ।

**सुझाव**

- बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४३ बमोजिम अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना तथा सञ्चालन आवश्यकताको आधारमा नेपाल सरकारले स्थापना गर्नुको साथै त्यस्ता किसिमका बालगृह वा संस्था खोल्न नेपाल सरकारले नागरिक समाज वा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्नुपर्ने ।
- बालबालिका सम्बन्धी ऐन, २०४८ तथा यसको नियमावली, २०५१ को निमय ३१ बमोजिम आवश्यक कर्मचारीको व्यवस्था हुनुपर्ने ।

## २.७ समाजकल्याण

समाजकल्याण कार्यक्रमतर्फ २०७२/०७३ मा रू. २१, १३, ५०, ०००।- विनियोजन भएकोमा रू. १७ करोड ७५ लाख ५० हजार खर्च भई भौतिकतर्फ ८३.८ प्रतिशत तथा वित्तीयतर्फ करीव ८४.० प्रतिशत प्रगति हासिल हुन सकेको छ । समाजकल्याण कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिक सम्बन्धी र अपाङ्गता भएका व्यक्तिहरूको लागि कार्यक्रम संचालन भएका छन् ।

### २.७.१ ज्येष्ठ नागरिक

यस कार्यक्रमबाट ज्येष्ठ नागरिकहरूको सुरक्षामा सहयोग पुऱ्याउन ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रम संचालन गर्ने ७७ वटा गैरसरकारी संस्थाहरूलाई चालू तथा पूँजिगत अनुदान उपलब्ध गराइएको छ भने ४८ वटा जिल्लामा ६४ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन भएका छन् । यसरी नै यस कार्यक्रममार्फत ७५ जिल्लाका केही विद्यालयहरूमा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन, नेपाल टेलिभिजन र रेडियो नेपालबाट ज्येष्ठ नागरिक सरोकारका विषय सम्बन्धी कार्यक्रम संचालन, ५ विकास क्षेत्रमा समीक्षा गोष्ठीसमेत सम्पन्न गरिएको छ ।

### २.७.२ अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रम

यस कार्यक्रमअन्तर्गत पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई साझेदारीमा आवासीय पुनर्स्थापना केन्द्र स्थापना, अपाङ्गता भएका व्यक्तिहरूलाई १ महीने सि.वि.आर वर्कस तालिम, रेडियो नेपाल र नेपाल टेलिभिजनबाट चेतनामूलक कार्यक्रम प्रसारण, ७५ वटै जिल्लाका महिला तथा बालबालिका कार्यालयमा अपाङ्गता सम्बन्धी हेल्पडेस्क संचालन, अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग पुऱ्याउन अपाङ्गता भएका व्यक्तिहरूबाट संचालित संस्थाहरूलाई अनुदान, अनुदान वितरण निर्देशिकाको मस्यौदा तयार पार्ने जस्ता कार्यक्रमहरू संचालन भएका छन् । यस्तै अपाङ्गता भएका व्यक्ति र तिनीहरूको परिवारलाई आयमूलक तालिम प्रदान गरिएको छ ।

## २.९ राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगबाट आ.व. २०७२/०७३ मा संचालन हुने कार्यक्रमका लागि रू. ४ करोड ११ लाख ४६ हजार विनियोजन भएकोमा रू. ३ करोड ९० लाख ५९ हजार खर्च भई भौतिकतर्फ ९९.५ र वित्तीयतर्फ ९४.९ प्रतिशत प्रगति हासिल भएको छ । आयोगका कार्यक्रमहरूमा सामाजिक कुरिती, दाइजोलगायत यौनजन्य दुर्व्यवहार तथा महिला विरूद्ध हुने हिंसा तथा महिला अधिकारसंग सम्बन्धी विषयहरूमा छलफल अन्तरक्रिया कार्यक्रम, प्रथा परम्परा तथा सामाजिक कुरीतिका कारण महिला माथि हुने हिंसा सम्बन्धमा जिल्ला स्तरमा छलफल अभियान, विद्यालय तहमा महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम, महिला अधिकार अनुगमन राष्ट्रिय सञ्जाल सञ्चालन खर्च, अनुगमन, तालिम, छलफल अन्तरक्रिया, लैङ्गिक हिंसाका घटनाहरूको उजुरी, कार्यान्वयनको अवस्था र चुनौती सम्बन्धमा सरोकारवाला सरकारी निकायहरूसंग छलफल अन्तरक्रिया, विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा लैङ्गिक सवाल तथा महिला अधिकार सम्बन्धी विषय समावेश गर्ने सम्बन्धमा सरोकारवाला निकायहरूसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम, महिला अधिकार सम्बन्धि सार्वजनिक सुनुवाई कार्यक्रम, रेडियो नेपालबाट महिला अधिकार सम्बन्धी साप्ताहिक कार्यक्रम प्रशारण, महिला विरूद्धको भेदभाव, प्रथा, हिंसा तथा महिला अधिकार सम्बन्धी चेतनामूलक श्रव्यदृश्य सामाग्री उत्पादन तथा प्रसारण आदि रहेका छन् ।

## २.१० समाज कल्याण परिषद्

समाजकल्याण परिषद्का लागि आ.व. २०७२/७३ का लागि रू. २,००,००,०००।- विनियोजन भएकोमा सवै रकम खर्च भएको छ । उक्त रकम कार्यक्रमतर्फ नभई नियमित तलव भत्तातर्फ विनियोजन भएकाले कार्यक्रमगत उपलब्धि राख्न मिल्ने देखिएन । समाज कल्याण परिषद्बाट संचालन हुने कार्यक्रमहरू परिषद्को आन्तरिक श्रोतबाट व्यहोरिएका छन् । राष्ट्रिय गैर सरकारी संस्थाहरूको सम्बन्धन दिने, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका कार्यक्रमहरूका सम्बन्धमा संझौता गर्ने तथा परिचालन गर्ने जिम्मेवारी परिषदको रहेको छ । परिषदसँग २०७२/७३ मा जम्मा २०४९ गैर सरकारी संस्थाले आवद्धता लिएका छन् । यस अवधिका ७७ वटा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका साधारण संझौता भएका र सो अन्तरगत न्यूनतम प्रतिवद्धता गरिएको रकम रू. २ अर्व ४७ करोड ११लाख रहेको थियो । यसै अवधिमा ६६ वटा कार्यक्रम संझौता सम्पन्न भएकोमा उक्त कार्यक्रमबाट वार्षिक रू. ८ अर्व २३ करोड १४ लाख खर्च प्रक्षेपण गरिएको छ । सोही अवधिमा विभिन्न ६३१ संस्थाका ११३६ वटा कार्यक्रममार्फत रू. २३ अर्व ५३ करोड ४८ लाख ९० हजार वरावरको कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गरिएको छ । अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका परियोजनाको आवधिक मूल्यांकन गर्ने गरिएकोमा यस अवधिमा मूल्यांकन गरिएका ८१ वटा परियोजनामध्ये विभिन्न ५६ वटा आयोजनाको मूल्यांकनमा मन्त्रालयबाट सहभागिता जनाइएको छ ।

## २.११ अन्तरदेशीय धर्मपुत्र– धर्मपुत्री

(क) अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन सम्बन्धी विवरण :-

नेपालले अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्बन्धी महासन्धि, १९९३ लाई सन् २००९ मा हस्ताक्षर गरेपछि सोही महासन्धिको प्रावधान दफा ६ अनुसार अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री काम हेर्ने गरी केन्द्रीय निकाय गठंन गनुपर्ने भएकोले नेपाल सरकार (म.प) को निर्णयबाट अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ बमोजिम अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति गठंन भई सो समितिमार्फत यस आ.व. मा निम्न बमोजिमका कार्यहरू भएका छन् ।

(१) स्वदेशमा धर्मपुत्र, धर्मपुत्री दिने कार्यलाई प्राथमिकता दिइएको कारणबाट यस आ.व. मा नेपालभित्र ६२ जना धर्मपुत्र, धर्मपुत्री ग्रहण भएका छन ।

(२) बालगृहहरूलाई अझ बढी अनुशासित बनाई अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्बन्धी काम गर्नको लागि ६ वर्ष बालगृह सञ्चालनको अनुभव भएका १५ वटा बालगृहलाई मन्त्रालयबाट सूचीकृत गरिएका छन ।

(३) अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्बन्धी कामलाई पारदर्शी बनाउनको लागि यस सम्बन्धी वार्षिक प्रतिवेदन, २०७२ प्रकाशित गरिएको छ ।

(४) बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरणलाई अझ व्यवस्थित गराउनको लागि बालबालिकाको व्यक्तिगत विवरण बालगृहबाट नभई सामाजिक कार्यकर्ताबाट तयार गराउँदा वढी पारदर्शी हुने भएकोले त्यस्ता सामाजिक कार्यकर्ताको रोष्टर तयार गर्ने काम शुरू गरिएको छ ।

(५) विदेशी नागरिकले नेपालबाट धर्मपुत्र, धर्मपुत्री माग गर्दा आफै बालगृहमा गई बच्चा छनौट गर्न नपाउने व्यवस्था गरिएको हुँदा र निवेदन सम्बन्धित देशको दुतावास वा नेपालमा सूचीकृत विदेशी एजेन्सी मार्फत पठाउनु पर्ने हुदाँ यस वर्ष तीन वटा विदेशी एजेन्सी सूचीकृत भएका छन् ।

(६) अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्बन्धी सूचना सहजै प्राप्त गर्न www.lcab.gov.np लाई अद्यावधिक गरिएको छ ।

(७) यस वर्ष सयुक्त राज्य अमेरिकामा २ जना, स्लोभेनियामा २ जना, अस्ट्रेलियामा १ जना बालिका धर्मपुत्री भई गएका छन ।

**अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति**

१. विदेशी नागरिकबाट ११ वटा धर्मपुत्र, धर्मपुत्री सम्बन्धी निवेदन प्राप्त भएको छ ।

२. नेपाली बालबालिका विदेशी नागरिकले धर्मपुत्र, धर्मपुत्री माग गर्दा आफ्नो देशको एजेन्सी मार्फत निवेदन पठाउन पर्ने भएकोले USA को २ वटा विदेशी एजेन्सीलाई सूचिकरण गर्न माग आएको छ ।

३. धर्मपुत्र धर्मपुत्री माग भएको ११ वटा निवेदनमध्ये २ वटा बालिका धर्मपुत्री ग्रहण गरी लगेको छ । २ वटा निर्णयको क्रममा रहेको र अन्य प्रक्रियामा रहेको छन् ।

४. अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री काम गर्नको लागि ६ वर्ष कार्य अनुभव भएका १४ वटा बालगृहहरूलाई मन्त्रालयबाट सूचिकृत गरिएको छ ।

५. २०५७ सालदेखि २०६५ सालसम्म धर्मपुत्र, धर्मपुत्री भई गएकाहरूको २१४७ फाइल व्यवस्थित तरिकाले राखिएको छ ।

६. आ.व. २०७१।७२ मा स्वदेशमा ६२ वटा धर्मपुत्र धर्मपुत्री भई गएको देखिन्छ ।

## २.१२ मन्त्रालयस्तरीय समस्या समाधान उप समिति

आ.व. २०७२/७३ मा संचालित कार्यक्रमहरूको सन्दर्भमा मन्त्रालयस्तरीय समस्या समाधान उप समितिको वैठक मिति २०७३/५/ ५ गते उप समितिका संयोजक तथा मन्त्रालयका सचिव श्री मधु प्रसाद रेग्मीज्यूको अध्यक्षतामा सम्पन्न भयो ।

**मन्त्रालयस्तरीय समस्या समाधान उपसमितिको वैठकका निर्णयहरु**

- अपाङ्गता परिचयपत्र वितरण निर्देशिकालाई परिमार्जन गरी परिचयपत्र वितरणमा सहजता ल्याउने ।
- मन्त्रालयका सबै शाखा र अन्तर्गत निकायहरूबाट चालु आ.व का कार्यक्रमहरूको सफल र प्रभाबकारी कार्यान्वयनको लागि कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी समयमै कार्यान्वयन हुने कुराको सुनिश्चित गर्ने । यसको समन्वय नीति योजना तथा कार्यक्रम शाखाले गर्ने ।
- चालु आ.व.मा अख्तियारी दिन बाँकी कार्यक्रमहरूको अख्तियारी एक हप्ताभित्र सम्बद्ध कार्यान्वयन निकायलाई प्रदान गर्ने ।
- चालु आ.व.मा सुन्य बेरूजुको नीति लिई मन्त्रालयका सबै शाखा र अन्तर्गत निकायहरूबाट कार्यक्रम संचालन गर्ने ।
- महिला विकास कार्यक्रमबाट हालसम्म २० प्रतिशत मात्रै लक्षित महिलालाई सम्बोधन गर्न सकिएको सन्दर्भमा कार्यक्रमबाट बाँकी ८० प्रतिशत महिलाहरू एकै पटक समेट्ने विषय मन्त्रालयस्तरीय समस्या समाधान समितिमा पेश गर्ने ।

## २.१३ बार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिः

मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक (MDAC)मिति २०७३/५/२० गतेका दिन राष्ट्रिय योजना आयोगका माननीय सदस्य प्रा. डा. गिता भक्त जोशीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न मन्त्रालयस्तरीय समस्या समाधान समितिको वैठकमा ७० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

**वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकका निर्णयहरु**

- महिला विकास कार्यक्रमबाट हालसम्म २० प्रतिशत मात्रै लक्षित समूहलाई सम्वोधन गर्न सकिएको सन्दर्भमा बार्षिक कार्यक्रमबाट बाँकी ८० प्रतिशत समेतलाई एकै पटक समेट्न सक्ने किसिमले महिला तथा बालबालिका बिभागबाट अध्ययनसमेत गरी अगामी बार्षिक कार्यक्रमको लागि रणनीतिसहित कार्ययोजना तयार गरी मन्त्रालयमा पेश गर्ने ।

## २.१४ वैदेशिक अध्ययन तथा तालिम

मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विषयहरूमा मन्त्रालय र अन्तरगत निकायहरूबाट आ.व. २०७२/७३ मा ४४ वटा कार्यक्रमहरूमा विभिन्न तहका ७४ जना पदाधिकारी/कर्मचारीहरूले सहभागिता जनाएका थिए ।

# परिच्छेद ३

# कोष सम्बन्धी व्यवस्था

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तरगत देहायका कोषहरू रहेका छन् र ती कोषहरूको संचालन तत्‌तत्‌कोष सम्बन्धी नियमावली तथा कार्यविधिका आधारमा हुने गरेका छन् । कोषहरूमा प्रत्येक वर्ष रकम जम्मा गर्ने प्रयोजनका लागि मन्त्रालयको बार्षिक कार्यक्रममा रकम विनियोजन गर्ने ब्यवस्था मिलाइएको छ ।

**३.कोषको नाम** **२०७३ असार मसान्तसम्ममा संचित रकम**

**३.१ आपत्‌कालीन बालउद्धार कोष** रु. ५,५९,७०,७२९।७१

आपतकालीन बाल उद्धार कोषबाट आपत विपतमा परेका बालबालिकाको उद्धार, राहत तथा पुनर्स्थापनालगायत बालबालिकाको हकहितका कार्यका लागि मन्त्रालय र ७५ जिल्लाबाट खर्च हुने गरेको छ । यो कोष संचालनको लागि आपतकालीन बालउद्धार कोष (संचालन) नियमावली, २०६७ लागू गरिएको छ ।

**३.२ लैङ्गिक हिंसा निवारण कोष** रु. ४,७६,७३,७९५।–

लैंगिक हिंसा निवारण कोषको रकम लैंगिक हिंसामा परेका महिलाहरूको उद्धार, उपचार, परामर्श, कानूनी उपचार तथा पुनर्स्थापना कार्यमा खर्च गर्ने गरिएको छ । यो कोषको रकम परिचालन गर्न लैंगिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७ जारी गरिएको छ

**३.३ एकल महिला सुरक्षा कोष** रु. ३,७२,००,०००।–

एकल महिला सुरक्षा कोषबाट एकल महिलाको क्षमता विकास, उद्यमशीलता, औषधि उपचार, कानूनी सहायता लगायतका कार्यमा खर्च हुने व्यवस्था गरिएको छ । यस कोषलाई परिचालन गर्न एकल महिला सुरक्षा कोष संचालन मापदण्ड, २०७१ स्वीकृत गरी ७५ वटै जिल्लाबाट उद्धार, राहत तथा पुनर्स्थापना, औषधि उपचार, कानूनी सहायता, शिक्षा र सीपमूलक तालिम तथा स्वरोजगार तालिममा तोकिएको रकम खर्च गर्न सक्ने व्यवस्था मिलाइएको छ । यस आ.व.मा एकल महिला सुरक्षा कोषबाट रू. ७८ लाख जिल्लामा परिचालन गरिएको छ ।

**३.४ ज्येष्ठ नागरिक कल्याण कोष** रु. ७५,९७,७८७।–

ज्येष्ठ नागरिक कल्याण कोषमा विगतदेखि रू ३२,४५,०००।- जम्मा भई रहेको छ । हाल यो कोष परिचालन गर्न खर्च गर्ने सम्बन्धी प्रकृया मापदण्ड २०७२ स्वीकृत गरी लागू गरिएको छ ।

**३.५ पुनर्स्थापना कोष** रु. १,१३,९५,६१३।–

पुनर्स्थापना कोषको रकम मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूको लागि पुनर्स्थापना केन्द्रबाट सेवा प्रदान गर्न उनीहरूलाई घर परिवार तथा समुदायमा पुनर्स्थापना गर्ने कार्यका लागि रकम परिचालन हुने गर्दछ ।

यस कोषको रकम औषधि उपचार, उद्धार, पारिवारिक पुनर्मिलन, कानूनी उपचार, शिक्षा, प्रशिक्षण तथा सीपमूलक तालिम, जीविकोपार्जन अनुदान, भोजन, लत्ताकपडा, व्यवस्थापन खर्च, मालसामान, मनोविमर्श आदि कार्यमा खर्च गर्न सक्ने गरी पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७२ (पहिलो संशोधन) मा व्यवस्था गरिएको छ।

### ३.६ बेरुजु र फछ्र्यौट

आ.व. २०७०/७१ सम्मको रू. १५ करोड २९ लाख ७३ हजार वेरूजुमा आ.व. २०७२/०७३ मा रू. ७ करोड २४ लाख ४७ हजार फछ्र्यौट भई रू. ८ करोड ५ लाख २६ हजार बाँकी रहेकोमा आ.व. २०७१/०७२ को लेखापरीक्षणबाट वेरूजु अंक थप रू. ३३ करोड १९ लाख ८० हजार भई जम्मा रू. ४१ करोड २५ लाख ६ हजार कुल वेरूजु अंक कायम भएको छ। आ.व. २०७०/०७१ सम्मको वेरूजु फछ्र्यौट प्रतिशत ४७.४ रहेको छ। आ.व. ०७३/७४ मा सून्य वेरूजुको रणनीतिसहित कार्यक्रम संचालन भईरहेको छ भने पूरानो वेरूजु ५५ प्रतिशत भन्दा बढी फछ्र्यौट गर्ने लक्ष्य रहेको छ।

परिच्छेद ४

# भौतिक स्रोत तथा सवारी साधन

## ४.१ भवन

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नयाँ भवन निर्माण सम्पन्न भएको छ। महिला तथा बालबालिका विभागको आफ्नो भवन रहेको छ। ७५ जिल्लामा महिला तथा बालबालिका कार्यालयहरू मध्ये जम्मा २७ वटा (डोटी, कालिकोट, पर्वत, कास्की, धादिङ, सिन्धुपाल्चोक, उदयपुर, बाँके, सुर्खेत, बाग्लुङ, संखुवासभा, मोरङ, मकवानपुर, ताप्लेजुङ, जुम्ला, ओखलढुङ्गा, दोलखा, म्याग्दी, रूकुम, प्यूठान, नवलपरासी, अर्घाखाँची, अछाम, खोटाङ, सोलुखुम्बु, बैतडी र गोरखा) कार्यालयको आफ्नो भवन रहेको छ। ४ वटा जिल्ला पाल्पा, रूपन्देही, तनहुँ र कपिलवस्तुमा कार्यालय निर्माणकै चरणमा रहेको छ। यस्तै ९ जिल्लामा झापा, गुल्मी, रसुवा, चितवन, लमजुङ, दैलेख, बर्दिया, इलाम र धनकुटामा कार्यालय भवन निर्माण प्रारम्भ गरिएको छ। यस्तै केन्द्रीय बालकल्याण समितिको भवन पनि हरिहरभवन परिसरमा निर्णय प्रारम्भ भएको छ। राष्ट्रिय महिला आयोगले हालसम्म भाडाकै घरबाट कार्यसम्पादन गरिरहेको छ।

## ४.२ सवारी साधन

मन्त्रालयमा १२ वटा चार पांग्रे मोटर तथा २६ वटा मोटरसाइकल/स्कुटर रहेका छन् भने महिला तथा बालबालिका विभागमा ५ वटा चार पांग्रे मोटर र १० वटा मोटरसाइकल/स्कुटर रहेका छन्। मन्त्रालय र विभागका अतिरिक्त मोरङ्, काठमाडौं, रूपन्देही, बाँके, कैलाली, कास्की जिल्लामा चार पांग्रे सवारी साधन रहेका छन् तर अधिकांश त्यस्ता सवारी साधनहरू पुराना र नचल्ने अवस्थामा छन्। अन्य मोटर बाटो पुगेका जिल्लाहरूमा मोटर साइकल/स्कुटरको व्यवस्था छ। यस आ.व. २०७२/७३ मा १० (८ मात्र) वटा भूकम्प प्रभावित जिल्लाहरू (काठमाण्डौं, ललितपुर, रसुवा मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग, दोलखा र गोरखा) मा चार पांग्रे सवारी साधन खरिद गरिएको छ।

# परिच्छेद ५

# अध्ययन तथा अनुगमन प्रतिवेदन

यस आ.व. २०७२/७३ मा भएका कार्यक्रमहरूको सम्बन्धमा गरिएको अध्ययन, (ख) मानव बेचबिखन तथा घरेलु हिंसाबाट प्रभावितका लागि संचालित पुन स्थापना तथा सेवा केन्द्र  सम्बन्धी अध्ययन र (ग) अल्जाइमर्स रोग अध्ययनका प्रतिवेदनहरूको विस्तृत विवरण निम्नबमोजिम रहेका छनः

**(क) कल्पवासीहरुको सम्बन्धमा गरिएको अध्ययन प्रतिबेदन**, २०७३

१. **भूमिकाः–**

हिन्दुधर्ममा आस्था राख्ने मानिसहरूको जीवनको अन्तिम उद्देश्य प्रसिद्ध तिर्थस्थलमा देह त्याग गर्दा त्यस पछिको जीवन जन्ममृत्यूको बन्धनबाट मुक्त भई ईश्वरको नजिक रहन पाउने विश्वास गरिन्छ । केही दशक अगाडिसम्म नेपालबाटसमेत वृद्धवृद्धाहरू काशीवास जाने र त्यही देह त्याग गर्ने प्रचलन छदैथियो । अहिले काशीवास जाने क्रम घटेको छ तापनि नेपालकै प्रसिद्ध तिर्थस्थल जस्तो पाल्पाको रिडी, स्याङ्जाको केलादीघाट तथा तनहुँको देवघाटमा कल्पवास वस्ने प्रचलन रहेकै छ ।

जीवनका विभिन्न चरणमा मानिसले बालक, युवक र वृद्धावस्था पार गर्दै आफ्नो कार्यहरू पूर्ण गरिरहेको हुन्छ । हिन्दु धार्मिक मान्यता अनुसार मानब जीवनलाई ब्यक्तिगत सस्कारको लागि चारवटा आश्रम बनाइएका छन्- ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास आश्रम । मनुस्मृतिमा एक आर्यको जीवनलाई चार भागमा विभाजन गरिएको छ । जसलाई आश्रम भनिन्छ, ब्रहमचारी वा शिष्य अवस्था, गृहस्थ वा घरेलु जीवन, तपस्वी वा वानप्रस्थ आश्रम र यति वा साधु अवस्था ।

सुरूको २५ वर्ष ब्रहमचर्य आश्रम भनिएको छ । यस आश्रममा रहंदा विद्यार्थीले नियमित स्वाध्याय, नित्य स्नान, अग्नि सेवा, भिक्षाटनबाट जीविकोपार्जन गर्ने र सधैं गुरुको समीप रहनु पर्ने नियम पालन गर्नु पर्थ्यो । गुरु अनुपस्थित रहेमा गुरुपुत्र वा समान शाखाध्यायीको संगत गर्नु पर्ने नियम पनि बनाइएको थियो । यो नियम दीक्षारम्भ समारोहमा पालन गर्ने प्रतिबद्धता व्यक्त गरिन्थ्यो । जसलाई उपनयन संस्कार भनिन्छ, उपनयनको अर्थ हो गुरू समक्ष लैजानु । गुरुकुल आश्रममा दीक्षान्त समारोह गरी ५० वर्ष उमेरसम्म गृहस्थ आश्रममा बस्ने निर्देश दिई विद्यार्थीहरुलाई घर पठाइन्थ्यो । यस समारोहमा उनीहरुलाई भावी जीवनलाई सुखी गर्नु पर्ने कामको बारेमा निर्देश दिइन्थ्यो । सुरूका २५ वर्षको जीवन ज्यादै कठोर र अनुशासित बनाइएको छ । यसमा आज्ञाकारिता, अध्ययनशीलता, पवित्रताको विकास गरिएको छ ।

गृहस्थ आश्रमको अर्थ हो घरेलु जीवन । जीवनको सक्रीय अवस्था अर्थात् २५ देखि ५० वर्षसम्मको उमेरलाई गृहस्थ आश्रम भनिएको छ । हिन्दुधर्म शास्त्रहरूमा गृहस्थ आश्रमलाई सबै आश्रमहरूको आधार र सबै भन्दा महत्वपूर्ण आश्रम भनिएको छ । मनुस्मृतिमा गृहस्थ आश्रमको महत्व यस प्रकार बताइएको छ ।

यथा नदीनदाः सर्वे सागरे यान्ति संस्थितिम् ।
तथैवाश्रमिणः र्वे गृहस्थे यान्ति संस्थितिम् ।।

जसरी समुद्र प्राप्त नहुञ्जेल खोला, नदी घुमिरहनछन् त्यसै गरी अन्य आश्रम गृहस्थ आश्रम वरिपरि नै घुमिरहन्छन् । यस आश्रमका कर्तव्यमा विवाह, दाम्पत्य सुख, सन्तान उत्पादन र लालन पालन, धन आर्जन, दान, अतिथि सत्कार, मान्यजनको आदर, यज्ञ गर्नु गराउनु तथा शास्त्र चर्चा जस्ता कुरा पर्दछन्। हिन्दु शास्त्रमा यज्ञको कर्तव्य गृहस्थलाई भनिएको छ, सन्यासीलाई होइन । सन्तान उत्पादनबाट तीन ऋणमध्ये एक पितृ ऋणबाट मुक्ति हुन्छ भनिएको छ । ब्रह्मचर्य आश्रममा सञ्चित ज्ञानलाई यस आश्रममा प्रयोग गरिन्थ्यो । दोस्रो अवस्था, जुन २५ वर्षपछि सुरू हुन्छ, मा विवाहित जीवनका सारा कर्तव्य समावेश हुन्छन् । यसमा व्यक्तिगत र सामाजिक जीवनका जसमा दान दिनु, यज्ञयाग, र कर्मकाण्ड सामेल हुन्छन् ।

गृहस्थ पछिका २५ वर्ष अवधि (५० देखि ७५ बर्ष) लाई वानप्रस्थ भनिएको छ । वानप्रस्थ शब्दको अर्थ हो वनतिर प्रस्थान गर्न तैयार भएको अवस्था । वास्तवमा वानप्रस्थ जीवन संन्यास जीवनका लागि अभ्यास हो । शतपथ ब्राह्मण काण्ड १४मा भनिएको छ ।

ब्रह्मचार्यश्रमं समाप्य गृही भवेत गृहीं भूत्वा वनी भवेद्वनी भूत्वा प्रव्रजेत ।
ब्रह्मचर्य पछि गृहस्थ, गृहस्थ पछि वानप्रस्थ र त्यस पछि संन्यास लिनु पर्छ ।

जीवनको अन्तिम समय (७५ बर्ष पछि) मा संन्यास आश्रमको व्यवस्था गरिएको छ । यस आश्रममा इन्द्रिय संयम, कुनै उद्योग नगर्नु, अकिञ्चन रहनु, संग छोड्नु, अनेक घरमा भिक्षा मागेर जीवन पालन गर्नु, वनमा बस्नु, बाहिर र भित्र पवित्र रहनु, हिंसा नगर्नु, सत्य बोल्नु, कसै माथि रीस नगर्नु, क्रुर नहुनु, सहनशील हुनु, यति नियम निर्धारण गरिएको छ ।

ज्येष्ठ नागरिकहरूले जीवनको उत्तरार्द्धमा सम्मानपूर्वक जीवन व्यतित गर्न पाउनु उनीहरूको अधिकार हो । ज्येष्ठ नागरिक ऐन २०६३ र नियमावली २०६५ ले पनि यस्तो व्यवस्था सुनिश्चित गर्ने प्रयास गरेको छ । मानव आफूले विभिन्न विधामा समाज र देशका लागि जतिनै कार्य गरेपनि वृद्धा अवस्थामा आफुबोझ भएको तितोसत्य हामीमाझ प्रस्तुत भईरहेको पाइन्छ । यसरी वृद्धा अवस्थामा परिवारबाट बहिष्कृत हुने मानिसहरूको संख्या पनि कम छैन । त्यसैगरी विभिन्न धार्मिक केन्द्रमा आश्रित कल्पवासीहरूको संख्या पनि उल्लेख्य मात्रामा नै रहेको पाइन्छ । तर उनीहरूको जीवन, भोगाइ र समस्याको बारेमा कुनै निकाय, वा संस्थाबाट अध्ययन गरिएको पाइदैन । त्यसैले यस मन्त्रालयको कार्य क्षेत्रमा पर्ने यस्ता कल्पबासिहरूको सम्मानपूर्वक जीवन ब्यतित गर्न पाउने अधिकारको संरक्षण गर्न जरूरी ठानी मन्त्रालयले विभिन्न धार्मिक क्षेत्रमा बसेका कल्पबासीहरूको अध्ययन गर्ने क्रममा यो अध्ययन देवघाट क्षेत्र र केलादिघाट क्षेत्रमा बसेका कल्पवासीहरूमा केन्द्रीत गरी वृद्धा अवस्थामा कल्पवासमा बसेका कल्पबासिहरूको विषयमा केही भएपनि प्रकाश पार्नुकासाथै कल्पवासीहरूका समस्या र यसको समाधान खोज्ने प्रयत्न गरेको छ ।

**२. अध्ययनको उद्देश्यः**

यस अध्ययनको मुख्य उद्देश्य धार्मिक स्थलहरूमा आश्रय लिई बसेका कल्पवासीको थोरैभएपनि आर्थिक, सामाजिक तथा पारिवारिक पक्षको अध्ययन गर्नु हो भने यस अध्ययनका विशिष्ट उद्देश्यमा यस्ता व्यक्तिहरूको

स्वास्थ्य, सामाजिक पक्ष तथा परिवारबाट अलग रहनुका कारणहरूकोबारे अध्ययन गरी आवश्यक सूझावसहितको प्रतिवेदन पेश गर्नु रहेको छ।

**३. अध्ययनको सीमाः**

पाल्पाको रिडी, स्याङ्गजाको राम्दी र केलादीघाट तथा तनहुँको देवघाट जस्ता धार्मिक तिर्थस्थलमा वृद्धवृद्धाहरू कल्पवासीहरूको रूपमा वसेका छन् तापनि यस अध्ययनले तनहुँको देवघाट र स्याङ्गजाको केलादीघाटमा रहेका कल्पवासीहरूको मात्र अध्ययन गरिएको छ। यसबाट अन्य स्थानमा रहेका कल्पवासीहरूका सम्पूर्ण यथार्थताको प्रतिनिधित्व नहुन सक्छ।

**४. अध्ययनको विधिः**

धार्मिक तिर्थस्थलमा रहेका कल्पवासीहरूको बारेमा जानकारी लिन निम्न विधिहरू अपनाइएको छ :

४.१ **प्रश्नावली सर्वेक्षणः–**

यस अध्ययनलाई पूर्णरूपमा सफल बनाउन विभिन्न प्रश्नहरूको सहायताले यस्ता व्यक्तिहरूको थोरै भएपनि आर्थिक सामाजिक पक्षहरूलाई समेटेर अध्ययन गर्ने प्रयास गरिएको छ। प्रश्नावलीमा कल्पवासीहरूको विभिन्न समस्या, उनीहरूहरूको यस ठाउँमा बस्नुको कारण, आफूले यस क्षेत्रमा बस्दा तिर्नुपरेको शुल्क/रकम तथा सरोकारवालाले उनीहरूको पुनर्स्थापना गर्नको लागि गर्नुपर्ने पहलहरूको बारेमा सुझाव लिने प्रयत्न गरिएको छ।

४.२ **अन्तरक्रियाः**

यस मन्त्रालयबाट गरिएको यस अध्ययनमा विभिन्न जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिका पदाधिकारी तथा अन्य जानकार व्यक्तिहरूसँग अन्तरक्रिया गरी सल्लाह सुझावहरू लिने प्रयत्न गरिएको थियो।

४.३ **अवलोकनः**

अध्ययनको क्रममा देवघाट र केलादीघाट क्षेत्रमा कल्पवासीहरू वसेका कुटीलगायत त्यहाँको सामाजिक, आर्थिक अवस्था अवलोकन गरिएको थियो।

**५. तथ्यांकीय विश्लेषणः–**

**५.१ अन्तरक्रिया गोष्ठी**

अध्ययनको क्रममा चितवनमा जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिका पदाधिकारी तथा अन्य सरोकारवाला व्यक्तिहरूसँग अन्तरक्रिया गरिएको थियो। अन्तरक्रिया गोष्ठीमा उठेका मुख्यमुख्य सवालहरू निम्नानुसार रहेका छन्।

- जेष्ठ नागरिकहरूप्रति सम्मान गर्ने बातावरण तयार पार्नको लागि पारिवारिक र सामुदायिक सचेतना कार्यक्रम संचालन गर्नुपर्ने।
- कल्पबासिकोरूपमा रहेकाहरूको सुरक्षाको लागि बिशेष कार्यक्रम संचालन गर्नुपर्ने।
- देबघाट क्षेत्रमा बाँदरले अति दुखदिने भएकोले बाँदर नियन्त्रण कार्यक्रम हुनुपर्ने।
- देबघाटका कुटीहरू खरिद बिक्रीको लागि छुट्टै नीति हुनुपर्ने।

- देबघाटमा थुप्रै कल्पबासीहरू बस्ने भएकोले जेरियाट्रिक सेवासहितको अस्पताल संचालनमा ल्याउनुपर्ने ।
- संचार माध्यामबाट जेष्ठनागरिकहरूको सम्मान बढाउने कार्यक्रम प्रसारण गर्नुपर्ने ।
- विद्यालयस्तरमा पाठ्यक्रममा जेष्ठ नागरिक सम्बन्धी बिषय समाबेश गर्नुपर्ने ।
- श्रीमानले छाडेर कल्पवासमा बसेका महिलाहरूलाई बिधवासरह सामाजिक सुरक्षा भत्ता दिनुपर्ने ।
- आश्रममा बाद्यवादन लगायत धार्मिक मनोरञ्जनका सामाग्रीहरू हुनुपर्ने ।

### ५.२ देवघाट क्षेत्रमा गलेश्वर आश्रमका पदाधिकारीहरुसँगको अन्तरक्रिया बैठकमा छलफल भएका विषयहरुः-

- गलेश्वर आश्रमले चारवटा उद्देश्यसहित कार्य संचालन गरेको क्षेत्र स्वास्थ्य, गुरूकुल शिक्षा, वृद्ध सेवा र अन्न क्षेत्र ।
- गलेश्वर आश्रम क्षेत्रमा हस्पिटलको आवश्यकता रहेको
- कल्पवासीहरू यही बस्ने गरी आउने तर हस्पिटल लाने नाममा अन्त लगिने गरेकोले समस्या रहेको,
- अशक्त वृद्धहरूको लागि स्याहारकर्ताको आवश्यकता रहेको,
- देवघाटमा नुहाउनेहरूको लागि Rafting सहित उद्धार टोलीको आवश्यकता छ ।
- केही व्यक्ति चोरी गर्ने र होहल्लासमेत गर्ने भएकोले थप सुरक्षाको आवश्यकता छ ।

### ५.३ अबलोकनको क्रममा देखिएका बिषयहरु

- देबघाटमा करिब २५० कुटीहरूमध्ये हाल २०० वटामा र केलादिघाटमा करिब ४० वटामध्ये ३० कुटीहरूमा कल्पवासीहरू रहेका ।
- केही कुटीहरू जीर्ण तथा भत्किएको अबस्थामा रहेकोले मर्मत गर्नुपर्ने देखिएको ।
- केही कल्पबासीहरू अति अशक्त रहेको तर उनीहरूको स्याहार गर्ने स्याहारकर्ता नरहेको ।
- कुटीहरूको आकार प्रकार र स्वरूप फरकफरक रहेको ।
- कुटी भएका वरीपरीका भागहरू सरसफाई तथा व्यवस्थित नरहेको ।

### ५.४ प्रश्नावली सर्वेक्षणको नतिजा

चितवनको देवघाट र स्याङ्गजाको केलादीघाटमा गरी जम्मा ६६ जना कल्पवासीहरूसँग प्रश्नावली सर्वेक्षण गरिएको थियो । प्रश्नावली सर्वेक्षणको नतिजा तपसिल बमोजिम रहेको छ ।

**तालिका न. १ : सर्वेक्षणमा सहभागिाहरुको व्यक्तिगत विवरण**

| क्र.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५०-५९ | १५ | २२.७२ |
| २ | ६०-६९ | १६ | २४.२५ |
| ३ | ७०+ | ३५ | ५३.०३ |
| | जम्मा | ६६ | १०० |

यसरी अध्ययनमा ५०-५९ उमेर समूहक १५ जना सबभन्दा कम २२.७२ प्रतिशत रहेकोमा सबभन्दा बढि ७० बर्ष भन्दा माथि ५३.०३प्रतिशत बसेको पाइयो ।

**तालिका न. २ : जातजाति अनुसारको वर्गिकरण**

| क्र.सं. | जातजाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण | ६२ | ९३.९४ |
| २ | क्षेत्री | ०० | ०० |
| ३ | अन्य | ४ | ६.०६ |
| | जम्मा | ६६ | १०० |

अध्ययनमा जातजाति अनुसारको आधारमा ब्राहृमण ६२ जना सबभन्दा बढि ९३.९४ प्रतिशत बसेको पाइयो । अन्य जातिबाट मात्र ४ जना कल्पबासी बसेको पाइयो । यसरी ब्राम्हृण समूदाय सबैभन्दा बढी बसेको पाइयो ।

**तालिका न ३ : वैवाहिक स्थिति**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाह नभएको | ५ | ७.५८ |
| २ | विवाह भएको | ६१ | ९२.४२ |
| ३ | छुट्टिएको | ०० | ०० |
| ४ | पारपाचुके | ०० | ०० |
| | जम्मा | ६६ | १०० |

अध्ययन सर्वेक्षणमा बैबाहिक स्थितिमा विवाह नभएको भन्दा विवाह भएको ६१ जना अर्थात ९२.४२ प्रतिशत रहेको पाइयो ।

**तालिका न. ४: बालबच्चा सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बच्चा नभएको | २६ | ३९.४० |
| २ | १ वटा बच्चा भएको | १० | १५.१६ |
| ३ | २ वटा बच्चा भएको | ९ | १३.६३ |
| ४ | ३ वटा बच्चा भएको | ६ | ९.०९ |
| ५ | ३ वटा भन्दा माथि बच्चा भएको | १५ | २२.७२ |
| | जम्मा | ६६ | १०० |

बालबच्चा सम्बन्धी विवरणमा अध्ययन गर्दा बच्चा नभएका २६ जना अर्थात ३९.४० प्रतिशत रहेको पाइयो र ३ भन्दा बढि बच्चा भएको १५ जना २२.७२ प्रतिशत रहेको पाइयो ।

**तालिका न. ५ : कल्पबासीको रुपमा बस्न आउनुको कारण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धर्म गर्न | ४० | ६०.६१ |
| २ | विधवा भएर | ७ | ११.६१ |
| ३ | घर हेला गरेर | ९ | १३.६३ |
| ४ | सन्तान नभएर | ३ | ४.५४ |
| ५ | अन्य कारण | ७ | १०.६१ |
| | जम्मा | ६६ | १०० |

कल्पबासीको रूपमा यहाँ आउनुको कारण सोधिएकोमा धर्म गर्न आएको भन्नेको बाहुल्यता रहेको थियो जसमा ६०.६१ प्रतिशत कल्पबासीहरूले धर्मकर्मको आस्थाको लागि कल्पबासीको रूपमा बसेको वताएका थिए ।

**तालिका न ६ : कल्पबासीकोरुपमा बसेको अवधि**

| क्र.सं. | बर्ष | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ भन्दा कम | १२ | १८.१८ |
| २ | ६-१० | ४ | ६.०६ |
| ३ | ११-२० | १३ | १९.७० |
| ४ | २१+ | ३७ | ५६.०६ |
| | जम्मा | ६६ | १०० |

कुटीमा बसेको अबधि सम्बन्धी अध्ययन गर्दा २४.२४ प्रतिशत १० बर्ष अबधि बसेको पाइयो भने सबै भन्दा बढि अबधि २१ बर्ष भन्दा माथि ५६.०६ प्रतिशत बसेको पाइयो ।

**निष्कर्षः–**

परिवार र समाजमा योगदान पुऱ्याएका व्यक्तिहरूले आफ्नो उत्तरार्धमा हक अधिकारसहित बाँच्न पाउनुपर्ने भएता पनि उनीहरू विभिन्न कारणले कल्पवासीको रूपमा जीवन व्यतित गरिरहेका छन् । छोराछोरीले नहेरेर, छोराछोरी नभएर, परिवारमा बस्ने वातावरण नभएर, सौता ल्याएर, विधवा भएर कल्पवासीका रूपमा रहेका व्यक्तिहरूको संख्या उल्लेख्य छ भने स्वच्छाले बस्नेहरूको संख्यापनि त्यतिकै रहेको छ । यस क्षेत्रमा रहेका कल्पवासीहरूको समस्याहरूः परिवार नभएर, परिवारमा बस्ने वातावरण नभएर, बाल विधवा भएर तथा धर्म कर्म जस्ता कारण भएता पनि प्राय सबैको भोगाइ एकै खालको रहेको छ । यसरी धार्मिक क्षेत्रमा बस्ने कल्पवासीहरूमध्ये पनि प्राय जसो महिला भएको, र थोरै मात्र विधवा, पुरूष र युवक भएको पाइएको छ । यसरी कल्पवासीको रूपमा रहेका व्यक्तिहरूले आफू बसे वापत पैसा तिरेको, आफैले घर बनाएको पनि देखिन आएको छ । कुटीहरूको खरिद विक्रिमा भने पारदर्शिता तथा स्तरीय मापदण्डको अभाव देखिएको छ ।

**सुझावहरुः–**

१. वृद्धवृद्धाप्रति सम्मानको भावना बढाउनुपर्ने, देवघाटमा रहेका कल्पवासीहरूको विषयमा अध्ययनको क्रममा विधवा भएका तथा सन्तान नभएकाहरू जो परिवारबाट अपहेलित भएका एवं सन्तान भएर पनि छोराबुहारीबाट

मिठो बोली, सम्मानजनक व्यवहार नपाएर कल्पवासीहरूका रूपमा बस्न आएकाहरूको संख्या स्वइच्छाले आउनेहरूको संख्या उल्लेख्य (४० प्रतिशत) रहेको देखिन्छ । अतः परिवारका मान्यजनहरूलाई उचित मान सम्मान र मर्यादा बढाउने किसिमका कार्यक्रम मन्त्रालयले प्राथमिकताकासाथ कार्यान्वयन गर्नुपर्ने र यस्ता कार्यक्रमहरूमा पारीवारिक, रेडियो, टेलिभिजन, पत्रपत्रिकाको माध्यमबाट सचेतनामूलक कार्यक्रम तयार गरी लागू गर्नुपर्ने देखिन्छ । त्यस्तै किसिमले सन्देशमूलक सामाग्रीहरू तयार गर्ने, स्थानीय निकायको गाउँ, वडास्तरबाट आफ्ना बाबु आमालगायत, घरमा रहेका निसन्तान वृद्धवृद्धाहरू, एकल महिला/पुरूषलाई राम्रोसँग रेखदेख पालनपोषण गर्ने छोराबुहारीलाई हरेक अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसमा सम्मान गर्ने कार्यक्रम लागू गर्नुपर्ने ।

२. देवघाटस्थित कल्पवासीहरू बस्ने कुटीहरूमा, विजुली, पानी तथा व्यवस्थापन गलेश्वर आश्रमबाट भैरहेको देखिन्छ । भुकम्पबाट भत्किएका कुटीहरूको निर्माण तथा मर्मतको योजना देखिदैन । कल्पवासीले एकपटक गलेश्वर आश्रमले निश्चित रकम लिएर कुटी हस्तान्तरण गरेपछि सो कुटीको मर्मत सम्भार सरसफाई आदि सम्बन्धित कल्पवासीले गर्नुपर्ने व्यवस्था छ । कल्पवासीले कुटी गलेश्वर आश्रमबाट लिएपछि कल्पवासी व्यक्तिको मृत्यु भएपछि उक्त कुटी आश्रम कै हुने व्यवस्था छ । कुटीहरूको स्तर पनि एउटै किसिमको छैन । कुटीको स्तरबमोजिम कल्पवासीहरूले गलेश्वर आश्रमलाई रकम बुझाएर लिने गरेका छन् । अतः कुटीहरूलाई व्यवस्थित बनाउने सम्बन्धमा देहायबमोजिम प्रावधान लागू गर्नुपर्ने देखिएको छ ।

क. कुटीहरूको मर्मत सम्भारदेखि कुटीमा हुनुपर्ने न्यूनतम मापदण्ड तोकी कुटी व्यवस्थापन र संचालनमा गलेश्वर आश्रयलाई जिम्मेवार बनाउनुपर्ने ।

ख. एउटा कुटीमा बढीमा कतिजनासम्म कल्पवासी बस्न पाउने, त्यस्ता कुटीहरूको क्षेत्रफल, भान्सा, सुत्ने कोठा, ट्वाइलेट, खानेपानी, विजुली, तुलसीको मष्ठ आदिको विषयमा देवघाट क्षेत्र विकास समिति र गलेश्वर आश्रमले समन्वय गरेर तय गर्नुपर्ने र सोको जानकारी महिला तथा बालबालिका कार्यालय र मन्त्रालयलाई दिनुपर्ने ।

ग. भुकम्पबाट क्षति भएका कुटीहरूको मर्मत सम्भार गर्ने काममा देवघाट क्षेत्र विकास समितिको समन्वयमा गलेश्वर आश्रमले गर्नुपर्ने । कुटीहरूको नयाँ निर्माण एवं मर्मत सम्भारको लागि लाग्ने खर्चको विषयमा क्षेत्र विकास समितिले व्यवस्था गरी आश्रमलाई उपलब्ध गराउनुपर्ने । केही कुटीहरू मर्मतको लागि आगामी आ.ब. मा मन्त्रालयलेसमेत बजेटको ब्यबस्था गरेको छ ।

घ. हाल २५० वटा जति कुटीहरू रहेका र सो कुटीहरू गलेश्वर आश्रमतर्फ निश्चित रकम लिएर कल्पवासीहरूलाई बाँचुन्जेल दिने गरेको देखिन आयो । तिर्न सक्नेबाट रकम लिएर कुटी संचालन गर्नु नराम्रो कुरा होइन । तर तिर्न सक्ने र नसक्नेको विषयमा पनि मापदण्ड तयार गरेर कम्तीमा २५% कुटीहरू गरिव विपन्न कल्पवासीहरूलाई निःशुल्क दिनु न्यायोचित हुने देखिन्छ । कल्पवासीहरू वस्ने कुटीहरू भनेका एक प्रकारको वृद्धाश्रम नै हो । अतः कुटीमा कल्पवासीहरू भर्ना गर्ने, सेवा सुविधा उपलब्ध गराउने तथा कल्पवासीहरूले पालना गर्नुपर्ने आचरणको सम्बन्धमा गलेश्वर आश्रमले विनियम तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्ने ।

३. हाल करिब २०० जना कल्पवासीहरू कुटीमा वसिरहेका छन् र हरेकका लागि छुट्टाछुट्टै कुटी रहेको छ । ६० वर्षदेखि ८०/९० वर्ष सम्मका कल्पवासीहरूले आश्रय लिई रहेका छन् । आफै काम गर्न सक्नेहरूले खानपीनको वन्दोबस्त आफै गर्ने गरेका छन् । नसक्नेहरूको लागि आश्रमले निशुल्क भोजनको व्यवस्था

गरेको छ। केही कल्पवासीहरूका लागि घरबाट आफ्ना मान्छे आएर स्याहार सुसार गर्ने गरेको स्थिति पनि रहेको छ भने कोही नभएका वृद्धवृद्धाहरूसमेत कुटीमा आश्रित छन्। अतः केही नभएका कल्पवासीहरूको लागि आश्रमले स्याहारकर्ताको व्यवस्था मिलाउनुपर्ने हुन्छ। यस प्रयोजनको लाग आगामी आ.व.को बजेटमा स्याहारकर्ताको लागि केही बजेट समेत मन्त्रालयले छुट्याएको छ।

४. कोही नभएका वेसाहारा कल्पवासीहरूको मृत्युपछि गरिने क्रियाक्रर्म र त्यसपछिको संस्कार आश्रमले गर्नुपर्ने।

५. कल्पवासीहरूको लागि मनोरञ्जनको व्यवस्था, तिर्थाटन एवं घुमफिरकोसमेत व्यवस्था गलेश्वर आश्रमले गर्नुपर्नेछ। यसमा आवश्यकताअनुसार देवघाट क्षेत्र विराम समितिले सहयोग पुऱ्याउनुपर्नेछ।

६. देवघाट धार्मिक स्थल भएकोले उक्त क्षेत्रमा करीब २०० जनाको हाराहारीमा कल्पवासी रहेका छन् भने देवघाट क्षेत्र विकास समिति, एनआरएन, लाइन्स क्लबले संचालन गरेका वृद्धाश्रमसमेत त्यहीं भएको हुनाले सोक्षेत्रमा एउटा Geriatric Hospital को आवश्यक देखिएको छ। यसको लागि देवघाट क्षेत्र विकास समितिले गलेश्लर आश्रम र जिल्ला जनस्वास्थ्यमा कार्यालयसँग समन्वय गरी Geriatric Hospital बनाउने पहल गर्नुपर्ने।

७. अध्ययनको क्रममा ६० बर्ष भन्दा कम उमेरका करीब २३ प्रतिशत कल्पबासीकोरूपमा रहेको देखिन आएकोले यो समूहमा पर्ने ब्यक्तिहरूको लागि पुनर्स्थापना कार्यक्रम संचालन गर्नुपर्ने।

(ख) **मानव वेचबिखन तथा घरेलु हिंसाबाट प्रभावितका लागि संचालित पुनर्स्थापना तथा सेवा केन्द्र सम्बन्धी अध्ययन प्रतिबेदन**, २०७३

१.**परिचयः**

नेपाल सरकारले मानब बेचबिखन तथा घरेलु हिंसाबाट पीडित प्रभावित महिलाहरूको संरक्षण र पुनर्स्थापनाको लागि संस्थागत साझेदारीमा ८ जिल्लामा पुनर्स्थापना केन्द्र र १७ जिल्लामा सेवा केन्द्र संचालन गरी रहेको छ।

१.१ **सेवा केन्द्र**

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ११ मा नेपाल सरकारले आवश्यकताअनुसार पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै वस्ने व्यवस्थाको लागि सेवा केन्द्र स्थापना गर्न सक्ने ब्यबस्था छ। यसै ऐनको प्राबधानबमोजिम १७ जिल्लामा १७ वटा सेवा केन्द्र र १०४ वटा सामुदायिक सेवा केन्द्रहरू संचालनमा रहेका छन्। यस्ता सेवा केन्द्रमा घरेलु हिंसा पीडित महिला तथा बालिकाहरूलाई बढीमा ४५ दिनसम्म राख्ने प्रावधान रहेको छ। यस सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ। सेवा केन्द्र संचालन गर्नका लागि ऐनको दफा १२ बमोजिम एक कोष रहने ब्यबस्था छ भने घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७ को नियम १३(१) मा कोष व्यवस्थापन तथा संचालन समितिको गठन हुने व्यवस्था रहेको छ। सेवा केन्द्रहरू महिला विकास कार्यक्रमहरूबाट प्रवर्द्धित सहकारी संस्थाबाट संचालन हुँदै आएको छ।

१.२ **पुनर्स्थापना केन्द्र**

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३ वमोजिम नेपाल सरकारले आवश्यकता अनुसार पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र

पारिवारिक पुनर्मिलन गराउनका लागि पुनर्स्थापना केन्द्र स्थापना गर्ने र यस्ता केन्द्रमा मानव बेचबिखनमा परेका पीडितहरूलाई राख्ने प्रावधान रहेको छ। नेपाल सरकारले संचालन गरेका ८ वटा पुनर्स्थापना केन्द्र यसै अन्तरगत रहेका छन्। यस्ता केन्द्रहरूमा बढीमा ६० दिनसम्म रहन सक्ने प्राबधान रहेको छ। मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण नियमावली, २०६५ का नियम १२ (१) मा व्यवस्थापन समितिको गठन हुने व्यवस्था रहेको छ, जसअनुसार सो केन्द्रमा समितिको कूल संख्यामध्ये ५०% महिला हुने व्यवस्था रहेको छ। यसकासाथै पुनर्स्थापना केन्द्र संचालनका लागि पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०६८ समेत निर्माण भई लागू भएको छ। पुनर्स्थापना केन्द्रको संचालन र व्यवस्थापन छनौट भएका गैर सरकारी संस्थाले गर्दै आएका हुन्।

यसै सन्दर्भमा नेपाल सरकारबाट संचालित सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन सुधारका लागि थप मद्दत पुऱ्याउने उद्देश्यकासाथ चालु आ.व २०७२/७३ मा सरकारद्वरा संचालित सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन सुधारका लागि अध्ययन गर्ने कार्यक्रम रहेको थियो। यही कार्यक्रम अन्तरगत मन्त्रालयबाट सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरूको स्थलगत अध्ययन तथा सर्वेक्षण कार्य सम्पन्न गरिएको थियो।

## २. अध्ययनको उद्देश्यः

सेवा केन्द्रहरू र पुनर्स्थापना केन्द्रहरू अध्ययनको मुख्य उद्देश्य १७ वटा सेवा केन्द्रहरू र ८ वटा पुनर्स्थापना केन्द्रहरूको वर्तमान अवस्था, सुशासन र व्यवस्थापन सम्बन्धमा अध्ययन गर्ने तथा यिनीहरूको संचालनमा रहेका समस्याहरूको पहिचान गरी तत्कालीन र दीर्घकालिन सुधारका लागि नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई राय सुझाव दिने रहेको थियो।

## ३. अनुगमन तथा अध्ययन सर्वेक्षण विधिः

### ३.१. स्थलगत अवलोकन तथा निरीक्षणः

अनुगमनका क्रममा संचालनमा रहेका १७ वटा सेवा केन्द्र र ८ वटा पुनर्स्थापना केन्द्रहरूमध्ये केही छानिएका सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरूको अवलोकन तथा निरीक्षण गरिएको थियो। यस क्रममा कार्यालयको भौतिक तथा आर्थिक अवस्था, दरबन्दी, व्यवस्थापन आदि विषयका विवरणहरू संकलन गरिएको थियो।

### ३.२. जिल्ला समितिसँग अन्तरक्रिया

सेवा केन्द्र र पुनर्स्थापना केन्द्र अनुगमनको क्रममा संचालनमा रहेका १७ वटा सेवा केन्द्र र ८ वटा पुनर्स्थापना केन्द्रमध्ये केही जिल्लाहरूमा मानव बेचबिखन नियन्त्रण जिल्ला समन्वय समिति, घरेलु हिंसा नियन्त्रण जिल्ला समिति र अन्य सरोकारवालासँग अन्तरक्रिया भएको थियो। अन्तरक्रियाका लागि तयार गरिएको बिषयहरूको सूची अनुसूचीमा दिइएको छ।

### ३.३. सेवाकेन्द्र व्यवस्थापन समितिसँग अन्तरक्रिया

अनुगमनको क्रममा सेवा केन्द्र व्यवस्थापन समितिसँग सेवा केन्द्र संचालन र व्यवस्थापन सम्बन्धमा छलफल गरिएको थियो। उक्त अवसरमा केन्द्रहरू संचालन विधि, सुधारका सम्भावना र उपायहरू मुख्य छलफलका विषय थिए। छलफलको लागि तयार गरिएको बिषयहरूको सूची अनुसूचीमा दिईएको छ।

### ३.४. सेवा केन्द्र र पुनर्स्थापना केन्द्रमा रहेका पीडितहरुसँगको अन्तरक्रिया

अध्ययनका क्रममा जिल्ला सेवा केन्द्र र पुनर्स्थापना केन्द्रमा पीडितहरूसँग खाना, सरसफाईलगायत अन्य व्यवस्थापन तथा अन्य सेवा सुविधाहरूको विषयमा कुराकानी गरिएको थियो भने प्रश्नावली सर्बेक्षणसमेत गरिएको थियो । छलफल र प्रश्नावली सर्बेक्षणका नमूना अनुसूचीमा राखिएको छ ।

## ४. अध्ययनको सिमा

नेपालभरि १७ वटा सेवा केन्द्र र ८ वटा पुनर्स्थापना केन्द्र संचालन भएको भएतापनि समय र जनशक्ति अभावको कारणले केही छानिएका सेवा तथा पुनर्स्थापना केन्द्रमात्र सर्वेक्षण गरिएको छ । पुनर्स्थापना केन्द्रमा रहेका अधिकांश पीडितहरू घरेलु हिंसा पीडितसमेत भएकोले तथ्यांकीय विश्लेषण समग्र रूपमा गरिएको छ ।

## ५. तथ्यांकीय विश्लेषण

### ५.१ सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरुको अन्तरक्रिया गोष्ठीमा उठेका विषयहरुः

**क) पुनर्स्थापना केन्द्र, सिन्धुपाल्चोक**

सिन्धुपाल्चोकमा संचालित पुनर्स्थापना केन्द्रमा अनुगमन गर्दाको समयमा पत्रकार, सरोकारवाला तथा आमन्त्रित व्यक्तिहरूले देहायका विषयहरू उठाएका थिएः-

१. यस जिल्लामा सेवा केन्द्र नरहेकोले पुनर्स्थापना केन्द्रमै घरेलु हिंसाका पीडितहरू राख्नुपर्ने अवस्था रहेको,
२. पुनर्स्थापना केन्द्रमा बेचबिखनमा परेकाहरूलाई मात्र राख्ने व्यवस्था भएकोमा लैंगिक हिंसामा परेकाहरूलाई राख्न कानूनी समस्या भएको ।
३. घरेलु हिंसा बढ्दो तर बेचबिखन घट्दो छ । तर पनि पुनर्स्थापना केन्द्रको औचित्य देखिन्छ ।
४. पुनर्स्थापना केन्द्रमा छोटो समयको लागि मात्र राख्ने व्यवस्था भएकोमा, विभिन्न कारणहरूबाट पीडितहरूलाई लामो समयसम्म राख्नु पर्ने अवस्था रहेको छ ।
५. पुनर्स्थापना गृह संचालन गर्न आफ्नै भवन र सुरक्षित राम्रो ठाउँ आवश्यक रहेको ।
६. लैंगिक हिंसाका घटनाहरू बढी रहेकोले, यसै केन्द्रलाई महिला तथा बालबालिका संरक्षण केन्द्र बनाउन सकिने जसमा लैंगिक हिंसामा परेका र मानव बेचबिखनमा परेकाहरूलाई अलग्गै कोठामा रहने व्यवस्था गर्दा प्रभावकारी हुने ।
७. पुनर्स्थापना केन्द्रमा रहनेहरूले सुरक्षित महसुस गर्न नसकेको कारण, मुद्दा दर्ता पनि कम हुने गरेको छ,
८. पुनर्स्थापना केन्द्र मापदण्ड अनुसार संचालन हुन नसकेको ।
९. पुनर्स्थापना केन्द्रले पीडितको गोपनियतामा जोड दिनुपर्ने ।
१०. ६ महिनाभित्र परिवारमा पुनर्मिलन गराउनुपर्ने समय कम भएको ।
११. मानव बेचबिखन जिल्ला समन्वय समितिमा स्थानीय विकास अधिकारीकासाथै नगरपालिका प्रमुख रहने व्यवस्था हुनुपर्ने ।
१२. पुनर्स्थापना भएकाहरूको लागि प्रभावकारी Follow Up System आवश्यक रहेको ।

**ख) पुनर्स्थापना केन्द्र बाँके**

बाँके जिल्लामा संचालित पुनर्स्थापना केन्द्र साथी संस्थाद्वरा संचालित केन्द्र हो । हाल बेचबिखनमा परेका २ जना, घरेलु हिंसामा परेका ११ जना र मानसिक समस्या भएका १ जना गरी कुल १४ जना यस केन्द्रमा रहेका छन् ।

मानव बेचबिखन जिल्ला समन्वय समितिका सदस्यहरू र सरोकारवालासँग भएको छलफलका क्रममा देहायका मुख्यमुख्य विषयहरू उठेका थिए :

१. समितिबाट प्रभावकारी अनुगमन हुन आवश्यक देखिएको,
२. पुनर्स्थापना केन्द्र संचालनको लागि तोकिएको मापदण्ड अनुसार संचालन हुनुपर्ने,
३. पुर्नस्थापन भई फर्केकालाई पुनः पिडित (double victimize/ re-victimize) हुन नदिन उच्च मनोबल बढाउने कार्यक्रम ल्याउनुपर्ने,
४. मानव बेचबिखन रोकथामका कार्यक्रमहरू प्रभावकारी हिसाबले कार्यान्वयन गर्नुपर्ने ।
५. पुनर्स्थापना केन्द्र संचालन गर्ने संस्थाका काम कारवाही पारदर्शी हुनुपर्ने,
६. मानब बेचबिखन जिल्ला समन्वय समितिलाई बढी जिम्मेवार बनाउनु पर्ने ।
७. पुनर्स्थापना केन्दमा पीडितहरूले आश्रय लिने हालको ६ महिना समय पर्याप्त नभएको हुनाले थप समयको व्यवस्था गर्नुपर्ने ।
८. सिपमुलक कार्यक्रममा जोड दिई त्यसको बजारीकरणमा ध्यान दिने ।
९. कानून पीडितमुखी वनाई राहत दिनेतर्फ ध्यान दिने ।
१०. गैर सरकारी संस्थाहरूका कार्यको उचित मूल्यांकन आवश्यक,
११. जनचेतना र उद्धार कार्यलाई अझ वलियो वनाउनु पर्‍यो,
१२. पीडितलाई सामाजिक सुरक्षा सुनिश्चित गर्न आवश्यक ।

**ग) काभ्रेपलाञ्चोक सेवा केन्द्र,**

काभ्रेपलाञ्चोकमा संचालित सेवा केन्द्र वि.सं. २०६८ सालदेखि संचालनमा आएको हो । यस सेवा केन्द्रमा दुई जना घरेलु हिंसामा परेका महिला बसेको देखियो । घरेलु हिंसामा परेका महिला तथा बालबालिकाहरूलाई बढीमा ४५ दिनसम्म राखिने व्यवस्था छ । औसतमा उनीहरू ५ दिन सम्म बस्ने गरेका छन् । हाल सम्म यस केन्द्रको सेवा ११ सय महिलाहरूले लिइसकेको पाइयो । छलफलका क्रममा देहायका विषयहरू प्रमुख रूपमा उठेका थिए:

१. मन्त्रालयले उपलब्ध गराएको २ जना कर्मचारीहरूको तलब भत्ता कम भएको,
२. मनोरञ्जनका लागि TV, पत्रपत्रिका जस्ता अन्य सामाग्री आवश्यक रहेको,
३. केन्द्रको सेवा/सुविधा थप गर्नुपर्ने,
४. पीडित प्रभावितहरूको विवरण व्यवस्थितका साथै अद्यावधिक गरिनुपर्ने
५. आफ्नो छुट्टै भवन हुनुपर्ने,
६. केन्द्रमा आएका पीडितलाई सेवा दिने कार्यक्रम छ तर बच्चालाई छैन, बच्चाहरूलाई छुट्टै कार्यक्रम हुनुपर्ने,
७. केन्द्रमा मनोसामाजिक समस्या भएकाहरूलाई पनि ल्याएर राखिदिने समस्याले गर्दा यस्ता व्यक्तिको लागि छुट्टै स्थान तोकिनु पर्ने,
८. स्रोत साधन अभावको कारणले सेवा केन्द्रमा फुल टाइम परामर्शकर्ता राख्न सकिएको छैन,
९. खाना पकाउने भान्छा र वस्ने ठाउँ एउटै भएर समस्या भएको,
१०. सेवा केन्द्र सहकारी संस्थाले नभई कुनै योग्य र दक्ष गैरसरकारी संस्थाले चलाउनुपर्ने,
११. संस्थामा पीडित महिला मात्र नभई पुरूष पनि रहन सक्ने तसर्थ महिला र पुरूष वस्न योग्य भवन हुनुपर्ने ।
१२. सेवा केन्द्रको औचित्य छ, साथै यो लक्षित र समावेशी समूहमा पुगेको छ तर स्थानीय स्रोत भने कम परिचालन भएको छ ।

१३. OCMC (Onestop Crisis Management Centre) को निर्देशिका अस्पष्ट छ, केन्द्र, OCMC र प्रहरीबीच प्रभाबकारी समन्वय आबश्यक छ ।

**सामुदायिक सेवा केन्द्र, पाँच खाल**

- परामर्शदाताको कमीले सामुदायिक सेवा केन्द्रलाई कारागार जस्तो महसुस गरेको
- स्थानीय स्रोत परिचालन गर्न नसकिएको
- अन्य गैर संस्थासँग तत्कालै सहकार्य बढाउनुपर्ने ।
- छोटो अवधिको भएपनि तालिम संचालन गर्नुपर्ने ।

**घ) बर्दिया सेवा केन्द्र**

बर्दिया जिल्लामा लैंगिक हिंसा विरूद्ध जिल्ला संयोजन समितिसँगको छलफलबाट देहायका विषयहरू उठान भएकाः-

१. सेवा केन्द्रको भौतिक पूर्वाधारमा सुधार गर्न आवश्यक
२. कर्मचारीहरूको क्षमता विकासमा जोड दिनुपर्ने,
३. जिल्लासँग समन्वय गरी अघि बढ्नु पर्ने,
४. घरेलु हिंसाको Reporting Rate बढी रहँदा, निवेदन आदीको Format बनाई नाम र सही गर्ने मात्र बनाउन सकिने
५. जिल्ला समन्वय समितिको कार्ययोजना बनाउनुपर्ने,

**सामुदायिक सेवा केन्द्र, ठाकुरद्वार, बर्दिया**

हिम शुसांक महिला विकास सहकारी संस्था लि.द्वरा संचालित सामुदायिक सेवा केन्द्र बर्दियामा ३ जनालाई सेवा प्रवाह गर्ने क्षमता रहेकोमा हाल केन्द्रमा १ जना पीडित रहेको पाइयो । २०६७/६८ देखि हालसम्म ९७ जनाको उजुरी परेको छ जसमा बढी श्रीमान श्रीमती र सासु बुहारीका मुद्दा पर्दछन् ।

**५.२ तथ्यांकीय विश्लेषणः-**

**तालिका न.१ सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरु**

| क्र. सं. | पुनर्स्थापना केन्द्र | हाल रहेका पीडित प्रभावितहरुको संख्या | मासिक आउने पीडित प्रभावितहरुको औसत संख्या |
|---|---|---|---|
| १ | सिन्धुपाल्चोक | १२ | ६ |
| २ | बाँके | १४ | १४ |
| ३ | चितवन | २६ | ५ |
| ४ | काठमाण्डौं | १५ | १४ |
| **क्र. सं.** | **सेवा केन्द्र** | **हाल रहेका पीडित प्रभावितहरुको संख्या** | **मासिक आउने पीडित प्रभावितहरुको औसत संख्या** |
| १ | काभ्रेपलाञ्चोक | २ | १३ |
| २ | सर्लाही | ० | १० |
| ३ | वर्दिया | १ | १० |

| | | | |
|---|---|---|---|
| ४ | मकवानपुर | ० | १० |
| ५ | कञ्चनपुर | ३ | २० |
| | जम्मा | ७४ | १०३ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२*

सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरूको जिल्लागत अध्ययन गर्दा सबैभन्दा कम पीडित प्रभावितहरूको संख्या मकवानपुर र सर्लाही जिल्लामा शून्य रहेको पाइयो भने सबैभन्दा बढी पीडित प्रभावितहरूको संख्या चितवन जिल्लामा २६ जना रहेको पाइयो। मासिक आउने पीडित प्रभावितहरूको औसत संख्या जिल्लागत रूपमा अध्ययन गर्दा कञ्चनपुर जिल्लामा २० जना रहेको पाइयो भने सबैभन्दा कम मासिकरूपमा ५ जना चितवन जिल्लामा रहेको पाइयो। तालिका १ बाट के देखिन्छ भने पुनर्स्थापना केन्द्रहरूमा औसतमा १२ जना रहेको देखिन्छ भने सेवा केन्द्रमा १ जनामात्र रहेको देखिन्छ।

**तालिका न २ सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरुको उमेर समूह अनुसारको विवरण**

| क्र.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १०-१९ वर्ष | ३६ | ६३.१६ |
| २. | २०-३० वर्ष | १३ | २२.८० |
| ३. | ३० भन्दा माथि | ८ | १४.०४ |
| | जम्मा | ५७ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२*

सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरूको उमेर समूह अनुसारको विवरण सबैभन्दा बढी १०-१९ वर्ष उमेर समूहका ३६ जना अर्थात ६३.१६ प्रतिशत रहेको पाइयो जसमा सबै भन्दा कम उमेर समूह ३० बर्ष भन्दा बढी उमेरका रहेका छन्। यस्तो नतिजा देखिनुमा पुनर्स्थापना केन्द्र चितवनमा करिव १२ जना १९ वर्ष भन्दा कम उमेर समूहका बालबालिकाहरू रहेकोले पनि हुन सक्दछ।

**तालिका न.३ सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरुको बैवाहिक स्थिति अनुसारको विवरण**

| क्र.सं. | बैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विवाह नभएको | ३८ | ६६.६८ |
| २. | विवाह भएको | १८ | ३१.५७ |
| ३. | छुट्टिएको | १ | १.७५ |
| ४. | पारपाचुके | ०० | ०० |
| ५. | बिधवा | ०० | ०० |
| | जम्मा | ५७ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२*

सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरूको बैवाहिक स्थितिअनुसारको विवरणमा तथ्यांङ्कीय बिश्लेषण गर्दा बिबाहित भन्दा अबिबाहित भएका महिलाहरू नै बढी पीडित भइ सेबा पुनर्स्थापना केन्द्रमा बसेको देखिन्छ जसमा ५७ जनाको अध्ययन गरिएकोमा ३८ जना अबिबाहित महिला देखिन्छन् जुन ६६.६८ प्रतिशत हो। बिधवा र पारपाचुके भएका महिला नभएता पनि बिबाह भएका महिलाको प्रतिशत ३१.५७ रहेको पाइयो।

**तालिका न.४ सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरुको जातजातिअनुसारको विवरण**

| क्र.सं. | बैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जनजाती | २५ | ४३.८६ |
| २. | दलित | ४ | ७.०२ |
| ३. | मधेसी | २ | ३.५ |
| ४. | अन्य | २६ | ४५.६२ |
| | जम्मा | ५७ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२*

सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरूको जातजातिअनुसारको विवरण बिश्लेषण गर्दा सबैभन्दा बढी अन्य जातिहरूको संख्या रहेको छ जुन ५७ जनसंख्यामा ४५.६२ प्रतिशत हुन आउँछ भने जनजाति ४४ प्रतिशत रहेको छ ।

**तालिका न.५ पीडित प्रभावितहरुको शैक्षिक योग्यताअनुसारको विवरण**

| क्र.सं. | शैक्षिक योग्यता | बालबालिकाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | ७ | १२.२८ |
| २. | प्राथमिक तह (१-५) | २४ | ४२.१० |
| ३. | ६- १० | १९ | ३३.३४ |
| ४. | एस.एल.सी. र सो भन्दा बढी | ७ | १२.२८ |
| | जम्मा | ५७ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२*

सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरूको शैक्षिक योग्यताअनुसारको विवरणमा सबैभन्दा बढी प्राथमिक तह अध्ययन गरेका छन भने ६- १० कक्षा अध्ययन गरेका ३३.३४ प्रतिशत छन । एस.एल.सी. र सो भन्दा बढी अध्ययन गरेकाहरू पनि पीडित रहेको पाइन्छ जुन १२.२८ प्रतिशत रहेको छ। चाखलाग्दो बिषय के छ भने अध्ययनले निरक्षरहरू कम प्रभाबित भएको देखाएको छ।

**तालिका न.६ सेवा/पुनर्स्थापना केन्द्रमा पीडित प्रभावितहरुको सेवाकेन्द्रमा बसाइ अवधि अनुसारको विवरण**

| क्र.सं. | बसेको अवधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ६ महिना भन्दाकम | १९ | ३३.३३ |
| २. | ६ महिना र सो भन्दा बढी | ३८ | ६६.६७ |
| | जम्मा | ५७ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२*

सेवा/पुनर्स्थापना केन्द्रमा रहेका पीडित प्रभावितहरूको सेवाकेन्द्रमा वसेको अवधिअनुसारको विवरणको अध्ययन गर्दा ६ महिना र सो भन्दा बढी अबधि बसेकाहरू ६६.६७ प्रतिशत रहेका छन भने ६ महिना भन्दाकम ३३.३३ प्रतिशत रहेको पाइन्छ ।

६. सुझावहरुः–

सेवा पुनर्स्थापना केन्द्रहरूको अध्ययनको आधारमा निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ :-

१. पुनर्स्थापना केन्द्रमा एउटै व्यक्तिलाई तीन वर्षभन्दा बढी समयसम्म आश्रय दिइएको देखिन्छ भने सेवा केन्द्रहरूमा पनि लामो समय बसेका उदाहरण पनि छन् । घरेलु हिंसा पीडित हुन वा बेचबिखनबाट पीडित भएकाहरू दुवैलाई आफ्नै जिल्लाका केन्द्रमा राख्नुपर्ने देखिन्छ किनकि अदालतमा मुद्दा दायर देखि परिवारमा पुनर्स्थापना गर्नको लागि पनि सम्बन्धित जिल्लामा नै रहनु आवश्यक छ। अतः ७५ वटै जिल्लामा त्यस्ता केन्द्रहरू विस्तार गर्नुपर्ने आवश्यकता छ। पुनर्स्थापना केन्द्र र सेवा केन्द्र एउटै जिल्लामा स्थापना गर्नु बढी खर्चिलो र व्यावहारिक पनि नहुने हुँदा एउटै केन्द्रबाट दुवै किसिमका पीडितहरूलाई सेवा दिनु उपयुक्त देखिन्छ। त्यस्तो सेवा पुऱ्याउने केन्द्रको नाम राख्दा दुवै ऐनको भावनालाई समेटेर राख्नु पर्दछ। अतः त्यस्तो केन्द्रको नाम "पुनर्स्थापना तथा सेवा केन्द्र" राख्नु उपयुक्त हुन्छ।

२. आगामी आ.व. मा पनि त्यस्ता सेवा केन्द्र अरू २५ जिल्लामा थप गर्ने उद्देश्यले बजेटको व्यवस्था भएको छ। गैर सरकारी संस्थाको साझेदारीमा संचालन गर्ने र उक्त केन्द्रमा तत्काल अर्को व्यवस्था नभएसम्मको लागि वेवारिसे ज्येष्ठ नागरिक र बालबालिकालाई पनि आश्रय दिन सक्ने किसिमले परिकल्पना गरिएको छ। अतः अहिले संचालनमा रहेका २५ वटा (८ वटा पुनर्स्थापना र १७ वटा सेवा केन्द्र) केन्द्रलाई पनि माथि उल्लेख भए जस्तै वेवारिसे ज्येष्ठ नागरिक र बालबालिकालाई समेत अल्पकालीन आश्रय दिन सक्ने किसिमले क्षमता बढाउनु पर्ने देखिन्छ।

३. केन्द्रहरू संचालनको लागि केन्द्रमा राष्ट्रिय समिति र जिल्लामा "जिल्ला समिति" को व्यवस्था छ। पुनर्स्थापना केन्द्र र सेवा केन्द्रलाई मर्ज गरेर एउटै बनाए पछि केन्द्र संचालनको लागि व्यवस्था भएको "राष्ट्रिय र जिल्ला समिति" ले पुनर्स्थापना तथा सेवा केन्द्र संचालन गर्ने गरी तोक्ने व्यवस्था मिलाउनुपर्ने।

४. अनुगमनको क्रममा काभ्रेपलाञ्चोकको सेवा केन्द्रमा २ जना थिए, बर्दियाको सेवा केन्द्रमा १ जना, हेटौडाको सेवा केन्द्रमा कोही पनि थिएनन् भने सिन्धुपाल्चोकमा रहेको पुनर्स्थापना केन्द्रमा ११ जना पीडित देखिए (बेचबिखनमा परेका १ जना) तथा पुनर्स्थापना केन्द्र, नेपालगञ्ज बाँकेमा १४ (बेचबिखनमा परेको १, घरेलुहिंसा १० र ३ जना बालक) देखिए। हाल सेवा केन्द्र र पुनर्स्थापना केन्द्रमा रहने अवधि ४५ दिन र ६ महिना भएतापनि पीडितहरूलाई पुनर्स्थापनाको समस्याले गर्दा ३ वर्षसम्म बसेका पनि देखिन आयो। अतः यो ४५ दिन र ६ महिने हद म्यादलाई खारेज गर्नुपर्दछ। केही आश्रितहरूको मुद्दा मामिलाको किनारा लाग्न समय लाग्ने, बालबालिकालाई वेसिजनमा स्कूलमा भर्ना नलिने तथा परिवारमै पुनर्स्थापना गर्नसमेत समय लाग्ने भएको हुनाले आश्रितहरूको आवश्यकतानुसार बस्न पाउने व्यवस्था गर्नुपर्ने।

५. सेवा केन्द्रमा पीडितहरूलाई कुनै प्रकारका मनोरञ्जनका साधनको व्यवस्था छैन। दिनभर त्यसै खाली बस्नुपर्ने अवस्था छ। यसरी दिनभरि खाली रहँदा पीडितलाई झनै पीडा थपिने हुँदा मनोरञ्जनका साधन (टेलिभिजन, पत्रपत्रिका, आदि) का साथै सीपमूलक तालिमसमेत दिने व्यवस्था हुनु जरूरी छ। केही केन्द्रहरूमा खाना खाने र सुत्ने ठाउँ एउटै छ, ट्वाईलेट आदिको प्रबन्ध पनि राम्रो रहेको छैन, बस्ने घरहरू पनि सुरक्षित छैनन्। अतः समयसमयमा अनुगमन र न्यूनतम मापदण्ड अनुसार संचालन गर्ने ब्यबस्था मिलाउनु पर्ने।

६. पुनर्स्थापना केन्द्र गैह्र सरकारी संस्थाहरूले संचालन गरेको हुनाले केन्द्रको घर भाडा, बिजुली पानी र केही कर्मचारीको खर्च पनि संस्थाले व्यहोर्ने गरेको छ। सेवा केन्द्रको संचालन महिला सहकारी संस्था मार्फत हुने गरेको तर केन्द्र संचालन गर्ने सम्पूर्ण खर्च मन्त्रालयले व्यहोर्ने गरेको छ। गैर सरकारी संस्थाबाट संचालनमा

आएका केन्द्र संचालनमा अन्य संस्थाले सहयोग गर्ने अवस्था देखिन्छ तर सहकारी संस्था नाफामूलक संस्था भएकोले त्यस्ता संस्थालाई केन्द्र संचालन गर्न अरू गैह्र सरकारी संस्थाले सहयोग नगरेको अवस्था छ। अतः यस सम्बन्धमा पुनर्स्थापना सेवा केन्द्र (सेवा केन्द्र+पुनर्स्थापना केन्द्र) केन्द्रको संचालन स्थानीय निकाय, गैरसरकारी संस्था र मन्त्रालयको साझेदारीमा गर्नु आवश्यक देखिन्छ। त्यस्ता निकायको सहयोग के कति हुने भन्ने विषयमा स्थानीय निकायहरू स्रोत सम्पन्न हुँदै गएका, गैह्र सरकारी संस्थाहरू पनि समग्र कल्याणको क्षेत्रमा सेवा गर्न इच्छुक भएको परिप्रेक्ष्यमा मन्त्रालयले त्यस्ता पुनर्स्थापना सेवा केन्द्र संचालनमा कुल लागतको ४०% भन्दा बढी खर्च नगर्ने नीति लिनुपर्दछ र संचालनको जिम्मेवार निकायको रूपमा स्थानीय निकायलाई अगाडि बढाउनुपर्छ। अहिले स्थानीय निकायको भूमिका शून्य पारिएको छ। स्थानीय निकायलाई जिम्मेवार बनाउन केही समय लाग्ने भएकोले तत्कालको लागि हालकै समितिहरूमा स्थानीय विकास अधिकारी तथा नगरपालिकाका कार्यकारी अधिकृतलाईसमेत समावेश गर्नुपर्छ।

७. सातवटै प्रदेशमा मंगला सहाना दिर्घकालीन पुनर्स्थापना सेवा केन्द्र संचालन गर्नुपर्दछ। मंगला सहाना पुनर्स्थापना सेवा केन्द्रवाहेकका अन्य केन्द्रहरूको प्रमुख उद्देश्य पीडितहरूलाई परिवार तथा समुदायमा पुनर्स्थापना गर्ने हुनुपर्दछ भने परिवार र समुदायमा पुनर्स्थापना गर्न नसकिने वा पुनर्स्थापना हुन नचाहनेहरूका लागि मंगला सहाना पुनर्स्थापना केन्द्रबाट पीडितहरूको सशक्तीकरण (आर्थिक, सामाजिक, राजनैतिक एवं साँस्कृति) गर्ने विशिष्ट उद्देश्य हुनुपर्दछ।

८. पुनर्स्थापना गृह र सेवा केन्द्र संचालनको लागि कानूनी तथा सस्थागत संरचना बनेको छ। स्थानीय स्तरमा समितिहरू पनि बनेका छन्, सोही बमोजिम बैठक पनि बसेका छन्। तर समितिका पदाधिकारीहरूले केन्द्र अनुगमन गरी सुधारको लागि काम गरेको देखिंदैन। अतः समितिहरूको प्रभावकारिताको लागि कार्ययोजना बनाउने र सोही कार्ययोजना बमोजिम कार्य गर्ने र सो को समिक्षा समेत गर्ने ब्यबस्था मिलाउने। मन्त्रालय तथा बिभागले समेत सोही कार्ययोजना बमोजिम अनुगमन गर्ने ब्यबस्था मिलाउनुपर्छ।

९. पुनर्स्थापना कोषको रकमबाट मानब बेचबिखनका पीडित प्रभाबितहरूको लागि गैर सरकारी संस्थाहरूले संचालन गरेका पुनर्स्थापना गृहहरूलाई पनि आर्थिक सहयोग उपलब्ध गराउन सकिने प्राबधान छ तर हाल यो कार्यान्वयन भएको देखिंदैन। अतः अन्य गैर सरकारी संस्थाहरूले संचालन गरेका पुनर्स्थापना गृहहरूलाई पनि आर्थिक सहयोग उपलब्ध गराई यस्तो कार्यमा गैह्र सरकारी संस्थाहरूलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ।

१०. सामुदायिक सेवा केन्द्रमा घरेलु हिंसामा परेका महिलाहरू अल्पकालीन रूपमा तत्काल रहन सक्ने भएकोले यसको आवश्यकता देखियो। हालको खर्च र आवश्यकतालाई मध्यनजर राख्दा महिला विकास संस्थाद्वारा प्रवर्द्धित संस्थाद्वरा अहिले कै मोडेलमा एक निर्वाचन क्षेत्रमा एकवटा रहनेगरी व्यवस्थापन गर्ने।

११. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ उपदफा २(ग) मा दफा १५ वमोजिम भएको जरिवाना वापत प्राप्त हुने रकमको आधा रकम पुनर्स्थापना कोषमा रहने व्यवस्था भएको तर हालसम्म यो रकम यो कोषमा जम्मा नभएकोले कोषको दिगोपनाको लागि यस्तो रकम कोषमा जम्मा हुने व्यवस्था मिलाउनु पर्ने।

## (ग) अल्जाइमर्स रोग अध्ययन प्रतिवेदन, २०७३

### १. भूमिका

अल्जाईमरको कारण हुने विस्मृति रोग (Dementia) निको नहुने घातक रोग हो। जुन सामान्यतया बुढ्यौली (६०-६५ वर्ष) पछिको उमेरमा लाग्न सक्छ। यो रोगका कारण विश्वमा करिव ४६.८ मिलियनमानिस प्रभावित

रहेको अल्जाईमर डिजिज ईन्टरनेसनलको अनुमान छ। यो रोग विशेषतः विकसित मुलुकको तुलनामा बिकासोन्मुख मुलुकमा वढिरहेको विज्ञहरू वताउँछन् । नेपालमा पनि यो द्रूत गतिमा वढ्दै गएको छ।
नेपालमा हालसम्म यस रोगबारे औपचारिक रूपमा अध्ययन अनुसन्धान नभएको सन्दर्भमा चालु आ.व. २०७२/७३ मा एक लघु अध्ययन गर्ने निर्णय गरे बमोजिम यो अध्ययन गरिएको छ।

## २. उद्देश्य

१. काठमाण्डौं उपत्यकाभित्र संचालनमा रहेका वृद्धाश्रमहरूमा रहेका विस्मृति रोगबाट पीडितहरूको अवस्था अध्ययन गर्ने ।
२. वृद्धाश्रममा रहेका विस्मृति रोगबाट पीडित ज्येष्ठ नागरिक तथा स्याहारकर्ताहरूको अवस्था सुधार गर्न चाल्नुपर्ने कदम वारे सुझाव संकलन गर्ने ।
३. निष्कर्षका आधारमा सम्बन्धित पक्षलाई सुझाव दिने ।

## ३ अध्ययन क्षेत्र

काठमाण्डौं उपत्यकामा संचालित वृद्धाश्रमहरू यसको अध्ययन क्षेत्रभित्र समेटिएको छ । बिद्यमान अवस्थामा काठमाडौँ उपत्यकामा संचालनमा रहेका नौ वटा वृद्धाश्रम जसमा अल्जाइमर्सबाट प्रभावित व्यक्तिहरु हुन सक्ने अनुमान तथा सूचनाका आधारमा अध्ययन गरिएको छ।

## ४. विधि एवं प्रक्रिया

- यो अध्ययन महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयद्वारा मिति २०७३/०२ को निर्णय बमोजिम गठित अल्जाइमर्स रोग अध्ययन समितिमार्फत संचालन गरियो ।
- यसमा मुख्यगरी प्रश्नोत्तर, अन्तरक्रिया, अवलोकन भ्रमण जस्ता विधिहरू अपनाइएकोथियो ।(प्रश्नपत्रहरू अनुसूची १ मा राखिएको छ ।)
- यो अध्ययनमा सहभागितामूलक विधिअनुसार लक्षित समूहसँग छलफलसमेत गरिएको थियो ।
- प्रश्नावली अनुसार मुख्यतया हरेक वृद्धाश्रमका व्यवस्थापकहरु जम्मा ९ जना र स्याहारकर्ताहरु जम्मा १७ जनासंग लिखित अन्तर्वार्ता गरियो । पूर्व योजनाअनुसार विर्सने समस्या भएका जेष्ठ नागरिकहरुसंग पनि छलफल र अन्तर्वार्ता गरिएको थियो।
- निर्धारित कार्यक्रम अनुसार स्याहारकर्ताहरु र वृद्धाश्रमका व्यवस्थापन पक्षसँगसमेत छलफल र प्रश्नावली भरिसकेपछि अध्ययन टोलीबाट अवलोकन गरिएको विषयमा आफ्नो थप नोट पनि सामेल गरिएको थियो।
- अध्ययन प्रश्नावली र सबै सान्दर्भिक सामग्री प्राप्त भएपछि विज्ञहरुले विश्लेषण गरी प्रतिवेदन तयार पारिएको हो।
- अध्ययनमा जानु पूर्व सबै अन्तर्वार्ताकारहरु (Enumerators) लाई अन्तर्वार्ता सम्बन्धी अभिमुखीकरण गरियो । उहाँहरुले पालना गर्नुपर्ने सामान्य अनुशासनका कुरासमेत अभिमुखीकरणमा जानकारी गराइएको थियो।
- सबै वृद्धाश्रमको अन्तर्वार्ता सकिएपछि प्रश्नावली संकलन गरी त्यसको अध्ययन र विश्लेषण गरी पहिलो मस्यौदामा सम्बन्धित सबैको सल्लाह सुझावकालागि वितरण गरी सुझावका आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ।

### ५ .अध्ययनले ओगटेको क्षेत्र (Sample size)

यो अध्ययनले काठमाडौँ उपत्यकामा संचालित ९ वटा वृद्धाश्रम मात्र समेटेको छ। तसर्थ यसले देशभरिको विर्सने रोग लागेका ज्येष्ठ नागरिकको प्रतिनिधित्व नगर्न सक्दछ । तर यसले समग्र विर्सने रोगको बारेमा दिशा निर्देश गर्न सक्दछ ।

### ६.अध्ययनको सिमा

यो अध्ययन काठमाण्डौं उपत्यकामामात्र सीमित भएको हुनाले यसले राष्ट्रिय रुपमा प्रतिनिधित्व गर्दैन ।

- यो अध्ययन टोलीमा प्राबिधिक बिज्ञ नभएको हुदा यो अध्ययनले सामान्य सूचना मात्र दिनेछ ।
- यसमा केवल १७ जना स्याहारकर्ता र ९ वटा वृद्धाश्रम व्यवस्थापकलाई अन्तर्वार्ता क्रममा समेटिएको छ ।
- सरोकार वाला सरकारी निकायको रणनीति र कार्यक्रमहरू यसमा समेट्न सकिएको छैन ।

### ७.प्राप्त प्रश्नावलीको अध्ययन र विश्लेषण

अध्ययन टोलीले अध्ययन गरेको वृद्धाश्रमहरुको विस्तृत विवरण अनुसूची २ मा दिईएको छ ।

| क्र .स. | नाम | ठेगाना | आश्रीत संख्या | | | अल्जाइमर भएका | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | म. | पु | जम्मा | म. | पु. | जम्मा |
| १ | समाज कल्याण केन्द्र वृद्धाश्रम | पशुपति ,काठमाडौँ | ११० | ८४ | १९४ | १ | १ | २ |
| २. | द होप हर्मीटेज प्रा .ली. | लाजिम्पाट ,काठमाडौँ | ८ | १२ | २० | ४ | ७ | ११ |
| ३. | आमा घर | रबि भवन ,काठमाडौँ | ४५ | - | ४५ | ४ | - | ४ |
| ४. | निःसहाय सेवा सदन | शान्तिनगर ,काठमाडौँ | ३५ | ६ | ४१ | ३ | - | ३ |
| ५. | अर्किड केयर होम | बाँसबारी ,काठमाडौँ | १८ | ५ | २३ | ४ | ४ | ८ |
| ६. | तपस्थली वृद्धाश्रम | बुढानिलकण्ठ ,काठमाडौँ | २४ | - | २४ | ४ | - | ४ |
| ७. | निजानन्द वृद्धाश्रम | चाल्नाखेल, काठमाडौँ | १४ | २ | १६ | - | - | - |
| ८ | मातातिर्थ वृद्धाश्रम | काठमाडौ, मातातिर्थ | २५ | - | २५ | ५ | - | ५ |
| ९ | सिद्धि शालीग्राम ज्येष्ठ नागरिक आश्रम | आदर्श नगर, भक्तपुर | २८ | ९ | ३७ | ८ | १ | ९ |
| | जम्मा | | ३०७ | ११८ | ४२५ | ३३ | १३ | ४६ |

अनुसूची २ अनुसार, अध्यन गरिएका ९ वटा व वम वृद्धाश्रम मध्ये ८ वटा काठमाडौँ का छन् भने एउटा भक्तपुरमा रहेको छ । ८ वटा वृद्धाश्रमका जम्मा ४२५ ज्येष्ठ नागरिक (३०७ महिला ११८ पुरुष) हरु मध्ये जम्मा ४६ (३३ जना १०.७४% महिला र १३ जना ११.०१% पुरुष) जना -१०.८% मा विस्मृति वा विर्सने समस्या देखिएको छ । जसको विवरण अनुसूची ३ मा दिईएको छ ।

**अनुसूची ३ : अध्ययनमा समावेश विर्सने रोग लागेका व्यक्तिहरुको सामाजिक तथा जनसांखिक विवरण**

| क्रम सं | लिंग | उमेर वर्ष | आश्रीत अवधि वर्ष | अवस्था | जातजाति | जिल्ला |
|---|---|---|---|---|---|---|
| १ | म | ८५ | ६ वर्ष | - | बाहुन | गुल्मी |
| २ | पु | ८९ | १७ वर्ष | - | ” | गोर्खा |
| ३ | म | ९२ | १ वर्ष | सामान्य | नेवार | काठमाडौँ |
| ४ | म | ८८ | १५ महिना | मध्यम | ठकुरी | धादिंग |
| ५ | म | ५४ | १८ ” | मध्यम | नेवार | काठमाडौँ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
